# भाग एक

## क्षमता विकास योजना परिचय

क्षमता विकास योजनाको प्रथम भागमा क्षमता विकास योजना तर्जुमाको पृष्ठभूमि, जिल्ला विकास समिति स्याङ्जाको सामान्य परिचय, योजनाको उद्देश्य, योजना तर्जुमा विधि, क्षमता विकासका योजनाका विशेषताहरु तथा रणनीतिहरु समावेश गरिएको छ ।

### १.१ पृष्ठभूमि

संस्थागत विकास र सुशासन स्थानीय स्वायत्त शासनका आधारस्तम्भहरू हुन् । प्रभावकारी सेवा प्रवाह र सुशासनको प्रत्याभूतिबाट मात्रै स्थानीय स्वायत्त शासन संस्थागत हुनेछ । स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६, स्थानीय निकाय आर्थिकक प्रशासन नियमावली २०६४, स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ लगायत सम्बन्धित ऐन, नियम, निर्देशिकाले जिविसलाई जिल्ला विकासको नेतृत्व गर्ने जिम्मेवारी दिएको छ। उपरोक्त कानूनी व्यवस्था अनुसार जिल्ला विकास सम्बन्धी गतिविधि सञ्चालन तथा सेवा प्रवाहलाई परिणाममुखी र प्रभावकारी बनाउन जिविसको नेतृत्वदायी तथा समन्वयकारी भूमिकाको अपेक्षा गरिएको छ । जिल्ला विकासका प्रयासहरुलाई व्यवस्थित, नतिजामूलक तथा प्रभावकारी बनाउन जिविसको समग्र नेतृत्व र विषयगत निकायहरुको विषयगत नेतृत्वमा योजना तर्जुमा, कार्यान्वयन र नतिजा अनुगमन तथा मूल्याङ्कन प्रक्रिया संस्थागत हुन आवश्यक छ ।

जिविसको समग्र नेतृत्वमा जिल्ला विकासको विद्यमान स्थितिको चित्रण गर्दै जिल्ला विकासका सम्भावना र आवश्यकताका आधारमा जिल्लाको रणनीतिक तथा वार्षिक योजना तर्जुमा गर्ने, स्वीकृत कार्यक्रम तथा आयोजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, आयोजना तथा कार्यक्रमको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणाली संस्थागत गर्न आवश्यक देखिन्छ । यसबाट जिल्ला विकासमा स्थानीय तथा वाह्य श्रोत साधनको पहिचान तथा परिचालन र जिल्ला विकासका सरोकारवाला (सरकारी, गैर सरकारी, निजी र नागरिक) बीच समन्वय, सहकार्य तथा साझेदारीमा अभिबृद्धि भई जिल्ला विकासका प्रयासहरु व्यवस्थित, नतिजामूलक तथा प्रभावकारी हुन सक्दछ ।

चालू तेह्रौं राष्ट्रिय योजनाले कानूनी शासनको मूल्य तथा मान्यता अनुरुप नागरिक संलग्नता, जवाफदेहिता, पारदर्शिता र भ्रष्टाचारमुक्त अवस्थाको सिर्जना र सञ्चालित विकास कार्य तथा प्रवाहित सेवाको प्रभावकारिता अभिवृद्धि गरी विकास कार्यलाई नतिजामुखी बनाउन जोड दिएकोछ। सुशासन ऐन २०६४ र नियमावली २०६५ ले सार्वजनिक निकायहरुले क्षतिपूर्तीसहितको नागरिक वडापत्र, गुनासो सुनुवाई, पारदर्शिता र जवाफदेहिता सहित सेवाग्राहीमैत्री कार्यप्रणाली अपनाउनु पर्ने व्यवस्था गरेको छ। साथै स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ ले जिल्ला विकासका सम्पूर्ण गतिविधि तथा सेवालाई सरल, सुव्यस्थित, सेवाग्राहीमैत्री र जवाफदेही बनाई स्थानीय निकायलाई नागरिकप्रति उत्तरदायी बनाउने व्यवस्था गरेको छ। यसैगरी स्थानीयस्तरका सेवा प्रदायक निकायलाई सेवाग्राहीप्रति जवाफदेही बनाउन उत्तरदायित्व सम्बन्धी संयन्त्रहरुको कार्यान्वयन रणनीति तथा सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण कार्यविधि २०६७ तथा सूचनाको हकसम्बन्धी कानूनी र नीतिगत व्यवस्था र औजारहरु उपलब्ध रहेकोछ ।

जिल्ला विकास समिति स्याङ्जाले गत ३ वर्षमा कार्यसम्पादन मापनमा औसतमा ६४ स्कोर प्राप्त गरेको छ । जिल्ला विकास योजना, कार्यक्रम तथा बजेट र प्रगति विवरणहरु जिल्ला विकास योजना पुस्तिका, बुलेटिन तथा प्रकाशन, सूचनापाटी, स्थानीय पत्रपत्रिका र एफएम लगायतका विभिन्न थरीका माध्यमहरुबाट सार्वजनिक भईरहेको छ ।

उपलब्ध कार्यविधि बमोजिम स्थानीय निकायबाट संचालित सबै प्रमुख आयोजनाहरुको फरफारक तथा अन्तिम किस्ता भुक्तानी अगावै सार्वजनिक परीक्षण गर्ने गरिएको छ । हालसम्म जिल्लामा जिविस तथा विषयगत कार्यालयहरुबाट प्रवाहित सेवा तथा सुविधामा सेवाग्राहीको सन्तुष्टी मापन गरी सेवा प्रवाहमा सुधार गर्ने प्रयास भने गरेको देखिँदैन । यसप्रकार जिल्ला विकासका प्रक्रिया तथा नतिजालाई व्यवस्थित गर्न संस्थागत क्षमता विकास, श्रोत परिचालन, विकास व्यवस्थापन, स्थानीय सुशासन, सामाजिक सशक्तिकरण विषयहरु समावेश गरी संस्थागत विकासको योजना तर्जुमा गरिएको छ ।

## १.२ जिल्लाको समान्य परिचय

स्याङ्जा जिल्ला पश्चिमाञ्चल विकास क्षेत्रका १६ वटा जिल्ला मध्ये गण्डकी अञ्चलमा पर्ने एक पहाडी जिल्ला हो । तीन वटा संसदीय क्षेत्रमा विभाजित यो जिल्लामा ४ वटा नगरपालिका र ५३ वटा गाउँ विकास समिति र १५ वटा इलाका रहेका छन् । स्याङ्जा जिल्लाको सदरमुकाम स्याङ्जा बजार (पुतली वजार) हो । श्रीकृष्ण गण्डकीका केही किनारी भू-भाग तथा आँधिखोलाका फाँटहरु वाहेक यस जिल्लाका अधिकांश भू-भाग पहाडी स्वरुपको छ ।
पूर्वमा तनहुँ, पश्चिममा गुल्मी र पाल्पा, उत्तरमा पर्वत र कास्की तथा दक्षिणमा पाल्पा (काली गण्डकी नदी) अवस्थित छ । यस जिल्लाको कुल क्षेत्रफल १०३७.४६ वर्गकिलोमिटर रहेको छ । यो जिल्ला समुद्र सतहबाट ३६६ मिटर (केलादी) देखि २५१२ मीटर (पञ्चासेको) लेक सम्मको उचाइमा रहेको यस जिल्लाको भौगोलिक र प्राकृतिक स्वरूप विविधायुक्त छ । जिल्लाको पूर्व पश्चिम लम्बाई २२.५०८ देखि ५२.३५५ कि.मि. सम्म रहेको छ । उत्तर दक्षिण चौडाई २७.३३ देखि ३७.८३९ कि मी रहेको छ । जिल्लाको कुल क्षेत्रफल मध्ये २.९६ प्रतिशत लगभग समथल, ३.८३ प्रतिशत मध्यम भिरालो , ०.४५ प्रतिशत अलिकति उतार चढाव भएको, २.४४ प्रतिशत बढि उत्तार चढाव भएको, ४५.९६ प्रतिशत भिरालो पहाडी क्षेत्र र ४४.३४ प्रतिशत अति भिरालो क्षेत्र रहेको छ ।
२०६८ सालको जनगणना अनुसार यस जिल्लाको कुल जनसख्या २,८९,१४८ मध्ये पुरुष १,२५,८३३, र महिला १,६३,३१५ रहेका छन् । कुल जनसख्यामध्ये जनजातिको संख्या ३३.७९ प्रतिशत, दलित जातिको संख्या १५.७६, ब्राम्हण ३०.८८ प्रतिशत, क्षेत्री ११.५३ प्रतिशत, ठकुरी २.४५, सन्यासी, ०.५७, मुस्लिम ०.६९ रहेका छन् । त्यस्तै धर्मको आधारमा हिन्दु ९०.२१ प्रतिशत, बौद्ध ७.४४ प्रतिशत, वोन १.२९ प्रतिशत, ईस्लाम ०.६८ प्रतिशत, क्रिश्चियन ०.२० प्रतिशत, किराँत ०.०१ प्रतिशत र कुनै पनि धर्म नमान्ने ०.१६ प्रतिशत रहेको छ । जिल्लाको जनघनत्व २०६८ अनुसार २४८ प्रति वर्ग किलोमिटर रहेको देखिन्छ । यस जिल्लामा मगर, गुरुङ, नेवार, घर्ति/भुजेल, कुमाल, माझी, तामाङ, राई, थकाली, लिम्बु, शेर्पा, लगायत विभिन्न जनजाति र दलित समुदायको बसोवास पाइन्छ ।

## १.३ सोंच

**“प्रविधिमा पहुँच, क्षमता विकास र सेवा प्रबाहमा गुणस्तरियता पारदर्शितामा हाम्रो प्रतिवद्धता”**

## १.४ उद्देश्य

क्षमता विकास योजनाको उद्देश्य सुशासन प्रवर्द्धनमा सहयोग गर्ने रहेको छ । यस योजनाले सेवा प्रदायक र सेवाग्राहीको कार्य सम्पादन, क्षमता र जवाफदेहिता अभिबृद्धि गरी सेवा सुविधाप्रवाह गुणस्तरीय, नतिजामूलक र प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

उपरोक्त उद्देश्य प्राप्त भए नभएको तपसिलमा प्रस्तुत सूचकहरुबाट मापन गरिनेछ । प्रस्तुत सूचकहरु, जिल्ला वस्तुगत विवरण, न्यूनतम शर्त तथा कार्य सम्पादन मापन मुल्याङ्कन प्रतिवेदन र बार्षिक जिल्ला विकास योजनाहरुको आधारमा तर्जुमा गरिएको छ ।

| योजना सारांश | सूचक | | | | पुष्ट्याईका आधारहरु | पूर्वानुमान |
|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | आ.व. | | | |
| | | | आधारवर्ष (२०७२/७३) | लक्ष्य (०७४/७५) | | |
| **विषयगत उद्देश्य** सेवा प्रदायक र सेवाग्राहीको कार्य सम्पादन, क्षमता र जवाफदेहिता अभिबृद्धि गरीसेवा सुविधाप्रवाह गुणस्तरीय, नतिजामूलक र प्रभावकारी बनाउने | क्षतिपूर्तिसहितको नागरिकबडापत्र अद्यावधिक गरी सेवा प्रवाह गर्ने निकाय | संख्या | ३ | ६५ | • आजिवियो अन्तिम, मद्यावधि र बार्षिक समीक्षा प्रतिवेदन<br>• नागरिक सन्तुष्टी सर्वेक्षण प्रतिवेदन<br>• सामाजिक परीक्षण तथा पालना अनुगमन प्रतिवेदन<br>• संचार माध्यममा प्रकाशित सामग्रीहरु | • उपलब्ध ऐन, नियम निर्देशिका पालनामा बृद्धि हुनेछ ।<br>• सम्बन्धित केन्द्रिय निकायबाट कार्यक्रम र बजेट उपलब्ध हुनेछ ।<br>• नागरिक निगरानी तथा जवाफदेहिता अभिबृद्धि भएको हुनेछ ।<br>• |
| | सेवाग्राही सन्तुष्टी मापनको पद्धति नियमित अभ्यास गर्ने सार्वजनिक निकाय | संख्या | ० | ५५ | | |
| | सार्वजनिक निकायले निर्वाह गरेको सामाजिक जिम्मेवारीको लेखाजोखा सहित सामाजिक परीक्षण गरी प्रतिवेदन सार्वजनिक एवं कार्यान्वयन गर्ने सार्वजनिक निकाय (जिविस र गुनपा) | संख्या | ४८ | ९६ | | |
| | सार्वजनिक निकायहरुको कानूनी तथा नीतिगत व्यवस्था पालना गराउने कार्य (LGAF) स्थानीय शासन उत्तरादायी समयन्त्र | संखया | ३१ | ४५ | | |
| **असर १:** सेवा प्रदायक निकाय तथा लक्षित वर्गको संस्थागत क्षमता विकास भएको हुनेछ । | कार्यक्रम खर्च अनुपात जिविस<br>विषयगत कार्यालय<br>गाविस<br>नपा<br>गैसस | प्रतिशत | १०<br>४०<br>३०<br>१०<br>१० | | • आजिवियो मध्यावधि र बार्षिक समीक्षा प्रतिवेदन<br>• न्यूशकास मूल्याङ्कन प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन<br>• क्षमता विकास योजना दस्तावेज<br>• संगठन विकास अध्ययन दस्तावेज | • केन्द्र, स्थानीय र विकास साझेदार निकायका लगानी बृद्धि हुनेछ ।<br>• उपलब्ध ऐन, नियम निर्देशिका पालनामा बृद्धि हुनेछ ।<br>• सम्बन्धित केन्द्रिय तथा निकायबाट कार्यक्रम र बजेट उपलब्ध हुनेछ । |
| | न्युनतम् भौतिक पूर्वाधारसहित आफ्नै कार्यालय भवन भएका कार्यालय (गाविस भवनहरु सहित ८१ वटा सरकारी भवनहरु भूकम्पका कारण पूर्ननिर्माण गर्नुपर्ने छ ) | संख्या | ८१ | ९० | | |
| | क्षमता विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्ने स्थानीय निकाय | संख्या | १ | ३० | | |
| | संगठन विकास अध्ययनअनुसार संरचना स्विकृत भई लागू गर्ने स्थानीय निकाय | संख्या | १ | ३० | | |
| | न्यूनतम शर्त पूरा गरी प्राप्त कार्यसम्पादन मापन स्कोर (जिविस) | अंक | ६३ | ८१ | | |
| | न्यूनतमशर्त पुरा गरी उत्कृष्ट काय सम्पादन गर्ने गाविस/नपा | संख्या | ४६ | ५७ | | |
| | क्षमता विकास कार्यक्रमबबाट लाभान्वित | जना | ३०० | १००० | | |
| **प्रतिफल १.१:** जिल्ला, स्थानीय तहका निकाय र सेवा केन्द्रमा भौतिक सुविधा र कार्यवातावरणमा अभिवृद्धि भएको हुनेछ । | ईन्टरनेट सुविधा उपलब्ध गाविस र सेवा केन्द्र तथा श्रोत केन्द्र | संख्या | २० | ८० | • आजिवियो बार्षिक समीक्षा प्रतिवेदन<br>• न्यूशकास मूल्याङ्कन प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन<br>• नेपाल टेलिकम तथा विषयगत कार्यालयको प्रतिवेदन | • केन्द्र, स्थानीय र विकास साभेदार निकायका लगानी बृद्धि हुनेछ ।<br>• दूरसञ्चार तथा ईन्टरनेट सेवाको प्रभावकारिता बृद्धि हुनेछ ।<br>• विद्युत सुविधा विस्तार हुनेछ । |
| | आफ्नै वेवसाइट भई नियमित अद्यावधिक गर्ने स्थानीय निकाय र कार्यालय (जि.वि.स, न.पा. ४, को.ले.नि.का. र जिल्ला निर्वाचन, शिक्षा) | संख्या | ७ | ५० | | |
| **प्रतिफल १.२:**सेवा | आवश्यक र दरबन्दीअनुसार गाविस, | प्रतिशत | २० | ६० | • आजिवियो बार्षिक | • केन्द्र, स्थानीय र |

| योजना सारांश | सूचक: विवरण | सूचक: इकाई | आ.व. आधारवर्ष (२०७२/७३) | आ.व. लक्ष्य (०७४/७५) | पुष्ट्याईका आधारहरु | पूर्वानुमान |
|---|---|---|---|---|---|---|
| प्रदायक निकायमा मानव संशाधन व्यवस्थापन तथा दक्षता र सेवाग्राही लक्षित वर्गको क्षमता विकास भएको हुनेछ । | सेवा केन्द्र, कार्यालय र संघ/संस्थामा कार्यरत मानव संसाधन | | | | समीक्षा प्रतिवेदन<br>● न्यूशकास मूल्याङ्कन प्रतिवेदन<br>● अध्ययन र सर्वेक्षण प्रतिवेदन<br>● विषयगत कार्यालयको प्रतिवेदन | विकास साभेदार निकायका लगानी बृद्धि हुनेछ ।<br>● क्षमता विकास योजना तर्जुमा र कार्यान्वयन हुनेछ ।<br>● विकास साझेदार र गैससको सहयोगमा बृद्धि हुनेछ । |
| | कम्प्युटरमाआधारित अभिलेख प्रणाली र सूचना प्रविधिमा आधारित भई सेवा प्रदान गर्ने गाविस र कार्यालय | संख्या | २० | ६२ | | |
| | विषयगत तालिम लिई दक्षता तथा सीप अभिबृद्धि भएका कर्मचारी र पदाधिकारी | प्रतिशत | ५० | ७५ | | |
| **असर २:** विकास प्रक्रियामा स्रोत परिचालन दक्ष, पारदर्शी र प्रभावकारी भएको हुनेछ । | विभिन्न श्रोतबाट जिल्लामा संकलन हुने राजस्व रकम (रु.) | हजार | १२,२७०० | २३,०००० | ● आजिवियो मद्यावधि तथा बार्षिक समीक्षा प्रतिवेदन<br>● विषयगत निकाय बार्षिक प्रतिवेदन<br>● स्थानीय निकायको आर्थिक प्रतिवेदन<br>● न्यूशकास मूल्याङ्कन र अध्ययन प्रतिवेदन | ● ऐन नीति नियम निर्देशिकाको समय सापेक्ष परिमार्जन र पालना बृद्धि हुनेछ<br>● राजनीतिक दलबीच सहमति र सहयोग बृद्धि हुनेछ ।<br>● राजश्व सुधार कार्य योजना लागू हुनेछ |
| | कुल बजेटमा स्थानीय आयको योगदान (राजश्व बाँडफाँडसहित) | प्रतिशत | १५% | २२% | | |
| | कुल बजेटमा केन्द्रीय स्रोतको योगदान | प्रतिशत | ८५% | ७८% | | |
| | कुल बजेटमा गैसस र विकास साझेदारको योगदान | प्रतिशत | ७.५% | ११.५% | | |
| | जिविसको आन्तरिक आयको वृद्धिदर | प्रतिशत | ५०% | १००% | | |
| | बार्षिक बेरुजु फछ्र्यौट दर | प्रतिशत | ५५% | ८०% | | |
| **प्रतिफल २.१:** स्थानीय विकासका सरोकारवालाको स्रोत तथा स्रोत परिचालन क्षमता अभिबृद्धि भएको हुनेछ । | आन्तरिक आयको अध्ययन गरी आय प्रक्षेपण तथा राजस्व प्रसाशन सुधार गर्ने स्थानीय निकाय | संख्या | ५ | ३२ | ● आजिवियो बार्षिक समीक्षा प्रतिवेदन<br>● स्थानीय निकाको आर्थिक प्रतिवेदन<br>● राजश्व अध्ययन प्रतिवेदन<br>● कोलेनिका प्रतिवेदन | ● आन्तरिक आय परिचालन वातावरण अनुकुल हुनेछ ।<br>● ऐन, नीति नियम र निर्देशिकाको समय सापेक्ष परिमार्जन हुनेछ । |
| | प्रक्षेपण अनुसार आय असुली | प्रतिशत | १००% | १००% | | |
| | आन्तरिक आय परिचालन तथा राजस्व प्रशासनसम्बन्धी तालिम प्राप्त कर्मचारी र पदाधिकारी | संख्या | २ | ३० | | |
| **प्रतिफल २.२:** स्रोत परिचालन प्रक्रिया पारदर्शी र व्यवस्थित भएको हुनेछ । | स्वीकृत बजेट तथा खर्चको नियमित सार्वजनिक गर्ने (वेबसाइट, सचार माध्यम, सूचनापाटी, अन्तरक्रिया)<br>- स्थानीय निकाय<br>- विषयगत कार्यालय<br>- गैसस | संख्या | <br><br>५<br>२५<br>५ | <br><br>३२<br>३५<br>१८ | ● आजिवियो मद्यावधि र बार्षिक समीक्षा प्रतिवेदन<br>● स्थानीय निकायको आर्थिक प्रतिवेदन<br>● अध्ययन तथा सर्वेक्षण प्रतिवेदन | ● ऐन, नीति, नियम निर्देशिकाको समय सापेक्ष परिमार्जन हुनेछ ।<br>● जिल्ला विकास प्रयासमा नीजि र समुदायको लगानी बृद्धि हुनेछ । |
| | जिल्ला विकास प्रक्रिया सक्रिय सहभागि गैसस/अगैसस | संख्या | २८ | ३५ | | |
| | श्रोत परिचालनसंबन्धी गुनासो र सुनुवाई | संख्या | ३७ | १५ | | |
| **असर ३:** योजना तथा बजेट तर्जुमा, कार्यान्वयन, अनुगमनसमावेशी, नतिजामूलक र प्रभावकारी भएको हुनेछ । | रणनीतिक योजना तर्जुमा भएका विषय क्षेत्रहरू | संख्या | १६ | ३३ | ● आजिवियो मध्यावधि तथा बार्षिक समीक्षा प्रतिवेदन<br>● पालना अनुगमन सम्बन्धी प्रतिवेदन<br>● स्थानीय निकायको आर्थिक प्रतिवेदन<br>● रणनीतिक योजना दस्तावेजहरु | ● ऐन, नीति नियम र निर्देशिकाको समय सापेक्ष परिमार्जन तथा पालनामा बृद्धि हुनेछ ।<br>● राजनीतिक दल बीच सहमति तथा सहयोग बृद्धि हुनेछ । |
| | कार्यतालिकाअनुसार कार्यक्रम संचालन गर्ने स्थानीय निकाय/विषयगत कार्यालय | संख्या | ८० | ९० | | |
| | तेस्रो पक्षबाट अनुगमन भएका आयोजना तथा कार्यक्रम | संख्या | ०६ | २० | | |
| | गाउँविकास योजनामा वनामं र नासकेले माग गरेको आयोजना तथा कार्यक्रममा बजेट विनियोजन | प्रतिशत | ८० | ९० | | |
| | गाउँविकास योजनामा सिविओले माग गरेको आयोजना तथा कार्यक्रममा बजेट विनियोजन | प्रतिशत | २० | ३० | | |
| **प्रतिफल ३.१:** | सहभागितामूलक योजना तर्जुमा प्रक्रियाबाट स्विकृत कूल आयोजना मध्ये | प्रतिशत | ८० | ९० | ● आजिवियो बार्षिक | ● उपलब्ध नीति, नियम र |

| योजना सारांश | सूचक |  |  |  | पुष्ट्याईका आधारहरु | पूर्वानुमान |
|---|---|---|---|---|---|---|
|  | विवरण | इकाई | आ.व. आधारवर्ष (२०७२/७३) | आ.व. लक्ष्य (०७४/७५) |  |  |
| योजनातथा बजेट तर्जुमा समावेशी र नतिजामा आधारित भएको हुनेछ । | सिविियोबाट माग भई आएका आयोजना |  |  |  | समीक्षा प्रतिवेदन<br>• विषयगत निकाय बार्षिक प्रतिवदेन<br>• न्यूशकास मूल्याङ्कन प्रतिवेदन<br>• संमास्थाविमको प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन | निर्देशिका परिपालना हुनेछ ।<br>• गैसस तथा साझेदार र स्थानीय निकाय विच सहकार्य वृद्धि हुनेछ<br>• राजनीतिक दल बीच सहमति तथा सहयोग बृद्धि हुनेछ । |
|  | सहभागितामूलक योजना र बजेट तर्जुमा प्रक्रियामा सहभागि सरोकारवाला तथा नागरिक संस्था | संख्या | १५०००.०० | २५००० |  |  |
|  | सहभागितामूलक योजना तथा बजेट तर्जुमा प्रक्रियामा सहभागि गैसस तथा विकास साझेदार | संख्या | २८ | ३५ |  |  |
|  | सहभागितामूलक योजना तथा बजेट तर्जुमा प्रक्रियामा महिलाको सहभागिता | प्रतिशत | २० | ३३ |  |  |
| **प्रतिफल ३.२:** कार्यान्वयन प्रक्रिया दक्ष र नतिजामूलक भएको हुनेछ । | वार्षिक कार्ययोजना तयार गरी स्विकृत गर्ने स्थानीय निकाय | संख्या | ५८ | ५८ | • आजिवियो बार्षिक समीक्षा प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन<br>• अभिलेख, दस्तावेज, मिडिया प्रतिवेदन | • ऐन, नीति नियम र निर्देशिकाको पालना बृद्धि हुनेछ ।<br>• राजनीतिक दल बीच सहमति तथा सहयोग बृद्धि हुनेछ |
|  | वार्षिक कार्ययोजनाको पालना | प्रतिशत | ९०% | ९८% |  |  |
|  | समयमा सम्पन्न हुने आयोजना कार्यक्रम | प्रतिशत | ८५% | ९५% |  |  |
| **प्रतिफल ३.३:** नतिजामूलक अनुगमन तथा प्रतिवेदन प्रणाली अनुशरण भएको हुनेछ । | अनुगमन प्रतिवेदन हुने | संख्या | ०३ | ३० | • आजिवियो बार्षिक समीक्षा प्रतिवेदन<br>• नअमू ढाचा, योजना प्रतिवेदन<br>• अध्ययन प्रतिवेदन | • ऐन, नीति नियम र निर्देशिकाको पालना बृद्धि हुनेछ ।<br>• नअमू र प्रतिवेदन प्रणाली संस्थागत भएको हुनेछ । |
| **असर ४:** स्थानीय विकास तथा निर्णय प्रक्रिया समावेशी, पारदर्शी र जवाफदेही भएको हुनेछ । | गुनासो सुनवाईको प्रभावकारी व्यवस्था भई लागू गर्ने सार्वजनिक निकाय | संख्या | ३० | ६५ | • आजिवियो मध्यावधि तथा बार्षिक समीक्षा प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन<br>• न्यूशकास मूल्याङ्कन रसंमास्थाविमको प्रतिवेदन<br>• पालना अनुगमन सम्बन्धी प्रतिवेदन | • जवाफदेहिता अभिबृद्धि र पालना अनुगमनमा नागरिक समाजका संस्थाको संलग्नता वृद्धि हुनेछ ।<br>• ऐन, नीति नियम र निर्देशिकाको समय सापेक्ष परिमार्जन र पालना बृद्धि हुनेछ |
|  | जिल्लामा सुशासनका क्षेत्रमा क्रियाशील नागरिक समाजका संस्था | संख्या | ३ | ५ |  |  |
|  | नियमित सार्वजनिक सुनुवाई आयोजना गरी प्रतिवद्धता कार्यान्वयन गर्ने गाविस | संख्या | ५३ | ५३ |  |  |
|  | सरकारी निकायबाट प्रदान गर्ने सेवा सुविधावाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ६०% | ८०% |  |  |
| **प्रतिफल ४.१** स्थानीय विकास र शासन प्रक्रियामा नागरिकको संलग्नतामा अभिबृद्धि भएको हुनेछ । | नागरिक एवं नागरिक समाजका संस्था संलग्न रहेका निर्णयहरुको अनुपात | प्रतिशत | ७०% | ८५% | • आजिवियो बार्षिक समीक्षा प्रतिवेदन<br>• सर्वेक्षण प्रतिवेदन<br>• निर्णय दस्तावेजहरु<br>• पालना अनुगमन प्रतिवेदन | • ऐन, नियम, नीति निर्देशिकाको समय सापेक्ष परिमार्जन तथा पालनामा बृद्धि हुनेछ ।<br>• नागरिक समाज र संचार संस्थाहरुको सक्रियता बढ्नेछ । |
|  | निर्णय प्रक्रियामा सहभागि नागरिक संस्थाका सदस्यको संलग्नता | प्रतिशत | ७०% | ८५% |  |  |
|  | स्थानीय शासन तथा सामाजिक परिचालनमा क्रियाशिल गैसस र सिवियो | संख्या | ०६ | ०९ |  |  |
| **प्रतिफल ४.२** स्थानीय सुशासन तथा सेवा प्रवाहको पालना अनुगमनमा अभिबृद्धि भएको हुनेछ । | उपलब्ध ऐन, नियम तथा निर्देशिकाको पालना अनुगमन गरी स्थिति प्रतिवेदन तयार र सार्वजनिक गर्ने निकाय | संख्या | ०० | ३० | • आजिवियो बार्षिक समीक्षा प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन<br>• पालना अनुगमन प्रतिवेदन | • ऐन, नीति नियम र निर्देशिकाको समय सापेक्ष परिमार्जन तथा पालनामा बृद्धि हुनेछ ।<br>• नागरिक समाज र संचार संस्थाहरुको सक्रियता बढ्नेछ । |
|  | सुशासन ऐन अनुसार सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण र सामाजिक परीक्षण गर्ने सार्वजनिक निकाय | संख्या | ४५ | ५० |  |  |

| योजना सारांश | सूचक | | | | पुष्ट्याईका आधारहरु | पूर्वानुमान |
|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | आ.व. आधारवर्ष (२०७२/७३) | आ.व. लक्ष्य (०७४/७५) | | |
| | क्षतिपूर्तिमाआधारित नागरिक वडापत्रको व्यवस्था र पालना गर्ने सार्वजनिक निकाय | संख्या | ०३ | ५३ | • मिडिया प्रतिवेदन तथा विवरण | |
| **असर ५:** स्थानीय शासन प्रक्रियामा लक्षित वर्ग र समुदायको सबाल मूलप्रवाहीकरण भएको हुनेछ । | आफ्नो अधिकारको लागि आफै आवाज उठाउन सक्ने परिवार | प्रतिशत | २०% | ६५% | • आजिवियो बार्षिक समीक्षा प्रतिवेदन<br>• विपन्नता स्तरीकरण सर्भेक्षण प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन | • ऐन, नीति नियम र निर्देशिकाको समय सापेक्ष परिमार्जन तथा पालनामा बृद्धि हुनेछ ।<br>• लक्षित वर्गको क्षमता अभिबृद्धी हुनेछ । |
| | जोखिमयुक्त जीविकोपार्जन कार्यमा निर्भर परिवार | प्रतिशत | १५% | १०% | | |
| | सामुदायिक संस्थामा आवद्ध भएक परिवार | प्रतिशत | ७५% | ८५% | | |
| | सामाजिक रुपमा भेदभावमा परेका परिवार | प्रतिशत | १५% | ०८% | | |
| **प्रतिफल ५.१:** लक्षित वर्ग समुदायको क्षमता विकास र सशक्तिकरण भएको हुनेछ । | सामाजिक परिचालनमा आवद्ध लक्षित वर्गको घरधुरी | प्रतिशत | ७०% | ८५% | • आजिवियो बार्षिक समीक्षा प्रतिवेदन<br>• विपन्नता स्तरीकरण सर्भेक्षण प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन<br>• स्थानिय निकायको वार्षिक प्रतिवेदन | • ऐन, नीति नियम र निर्देशिकाको समय सापेक्ष परिमार्जन तथा पालनामा बृद्धि हुनेछ ।<br>• सामाजिक परिचालन प्रभावकारी हुनेछ । |
| | योजना तथा बजेट तर्जुमा, आयोजना कार्यान्वयन र नागरिक निगरानी र पालना अनुगमनमा तालिम प्राप्त लक्षित वर्गको घरधुरी | संख्या | १५० | २२५ | | |
| | कूल आयोजना तथा कार्यक्रम मध्ये लक्षित वर्गको आयोजना | प्रतिशत | ३५% | ४५% | | |
| **प्रतिफल ५.२:** निर्णय प्रक्रियामा लक्षित वर्ग तथा समुदायको सहभागितामा बृद्धि भएको हुनेछ । | जिल्लास्तरीय समितिहरूमा लक्षित वर्ग/समुदायको प्रतिनिधित्व महिला<br>दलित<br>जनजाति | प्रतिशत | ३३%<br>१५%<br>१५% | ४७%<br>१७%<br>१७% | • आजिवियो बार्षिक समीक्षा प्रतिवेदन<br>• विपन्नता स्तरीकरण सर्भेक्षण प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन<br>• स्थानिय निकायको वार्षिक प्रतिवेदन | • ऐन, नीति नियम र निर्देशिकाको समय सापेक्ष परिमार्जन तथा पालनामा बृद्धि हुनेछ ।<br>• पैरवी कार्यमा विकास साझेदार र नागरिक समाजको सहयोग निरन्तर हुनेछ । |
| | सहभागितामुलक योजना तर्जुमा तथा पालना अनुगमन प्रक्रियामा लक्षित वर्ग/समुदायको प्रतिनिधित्व महिला<br>दलित<br>जनजाति | प्रतिशत<br>प्रतिशत<br>प्रतिशत | ३३%<br>१५%<br>१५% | ४७%<br>१७%<br>१७% | | |
| **प्रमुख कार्यक्रम तथा आयोजना** | | | | | | |
| १. | संस्थागत क्षमता विकास कार्यक्रम | बजेट (रु. हजारमा) | | **६२४६६०** | • बार्षिक समीक्षा प्रतिवेदन<br>• अध्ययन तथा अनुगमन प्रतिवेदन<br>• प्रकाशित र प्रसारण भएका सामग्रीहरु<br>• सेवाग्राही अभिमत<br>• सेवा प्रवाह तथा सुशासन स्थिति प्रतिवेदन | • केन्द्र, स्थानीय निकाय, विकास साझेदार, नीजि क्षेत्रको सहयोग र सहकार्यमा अभिबृद्धि हुनेछ ।<br>• माग तथा आपूर्ती पक्षको क्षमता जवाफदेहितामा अभिबृद्धी हुनेछ । |
| २. | श्रोत परिचालन तथा राजस्व सुधार कार्यक्रम | बजेट (रु. हजारमा) | | **६०००** | | |
| ३. | विकास व्यवस्थापन कार्यक्रम | बजेट (रु. हजारमा) | | **१३२६०** | | |
| ४. | स्थानीय सुशासन प्रवर्धन कार्यक्रम | बजेट (रु. हजारमा) | | **६२४२** | | |
| ५. | सामाजिक सशक्तिकरण कार्यक्रम | बजेट (रु. हजारमा) | | **९१८००** | | |
| | जम्मा | बजेट (रु. हजारमा) | | **७४१९६२** | | |

## विविध तर्फ

- योजना अवधिको अन्त्य सम्ममा सेवा तथा सुविधाको उपलब्धतामा पछाडि पारिएका समुदाय, जाति, लिङ्ग, वर्ग तथा क्षेत्रका नागरिकको संख्यामा बृद्धि भएको हुनेछ ।

- योजना अवधिको अन्त्यमा सेवा तथा वस्तु प्रवाह सम्बन्धि प्रक्रिया तथा प्रणाली पारदर्शी, प्रभावकारी र सहज हुनेछ ।
- जि.वि.स.ले न्यूनतम शर्त तथा कार्य सम्पादन मापनमा न्यूनतम शर्तहरु पुरा गरी कार्य सम्पादन मापनमा ८०% भन्दा बढी स्कोर प्राप्त गरेको हुनेछ ।
- विकासका साझेदारहरु बीच समन्वय, सहकार्य, साझेदारीमा गुणात्मक परिवर्तन आई जवाफदेहितामा उल्लेख्य बृद्धि भएको हुनेछ ।
- सार्वजनिक सेवा प्रवाह तथा विकास कार्यमा श्रोत परिचालनमा बृद्धि भएको हुनेछ ।
- जि.वि.स.को संस्थागत विकासमा गुणात्मक सुधार भई श्रोत परिचालन र लगानीको लागि उपयुक्त वातावरण सृजना भएको हुनेछ ।
- सेवा र वस्तु प्रवाह सम्बन्धि कार्यक्रमहरु तोकिएको समय र लागतमा सम्पन्न भएका हुनेछन् ।
- सम्पन्न योजना तथा कार्यक्रमहरुको नियमित मर्मत संभार व्यवस्था भई दिगो रुपमा सञ्चालन भएका हुनेछन् ।
- विकास कार्यमा १०% थप श्रोत परिचालन भएको हुनेछ ।

प्रस्तुत सूचकहरुको आधारमा प्रस्तुत प्रतिफल हासिल भए नभएको मापन तथा जाँच गरिनेछ । प्रस्तुत सूचकहरु, जिल्ला वस्तुगत विवरण, न्यूनतम शर्त तथा कार्य सम्पादन मापन मुल्याङ्कन प्रतिवेदन र बार्षिक जिल्ला विकास योजनाहरुको आधारमा तर्जुमा गरिएको छ ।

## १.५ क्षमता विकास योजना तर्जुमा विधि

क्षमता विकास योजना तर्जुमा कार्य जिल्ला विकास समिति, राजनीतिक संयन्त्र तथा दलका प्रतिनिधि, उपभोक्ता समिति, टोल विकास संस्था तथा अन्य समुदायमा आधारित संस्थाहरु, गैसस, विषयगत निकायहरु, स्थानीय निकायका संघका प्रतिनिधिहरु तथा नीजि सेवा प्रदायकहरुको सहभागितामा जिल्ला विकास क्षमता योजना तर्जुमा गरिएको छ । क्षमता विकास योजना तर्जुमाको लागि सहभागितात्मक लेखाजोखा तथा छलफल विधिको प्रयोग गरिएको थियो । क्षमता विकास योजना तर्जुमाको विधि तथा प्रक्रिया तपसिलमा प्रस्तुत गरिएको छ ।

- **तथ्यांक संकलन तथा नमूना छनौट  विधि तथा तौर तरिकाः**
- प्राथमिक तथा द्वितीय स्रोत दुवैबाट तथ्यांक संकलन गरी विश्लेषण गरिने, त्यसका लागि गुणात्मक अनुसन्धात्मक ढाँचा, अन्वेषणात्मक विधि, वर्णन एवं विश्लेषणात्मक विधिको प्रयोग गरी उचित मात्राका संभावनायुक्त र संभावना रहित नमूना छनौट विधिको प्रयोग गरी सहभागी अवलोकन, Case Study, Focus Group discussion, Content Analysts र R.R.A. जस्ता Tools and Techniques को  आवश्यकता अनुसार प्रयोग गरी कार्यसम्पादन गरियो ।
- ९) तथ्यांक विश्लेषण :
- गुणात्मक चरित्रको प्रधान्यता रहने भएकोले Qualitative tools of data analysis अर्थात् Contents, Narrative Comparative र Ethnography का माध्यमबाट तथा Descriptive Research Design र Historical method को प्रयोगबाट अगाडि बढाइएको छ ।

- १०) समय तालिका र समय सूची :२०७२ पौष ३ गतेबाट कार्य शुरु गरी माघ महिनाको मसान्तर भित्र समापन गरियो । साथै कार्यलय समय बाहिर र कार्यालय समय दुवै तर्फबाट कार्य गरियो ।

१. **क्षमता विकासको रणनीति तथा योजना तर्जुमा प्रक्रिया बारे अभिमुखीकरण:** जिल्ला क्षमता विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनका लागि गठित क्षमता विकास समन्वय समितिका पदाधिकारी तथा कर्मचारी लगायत स्थानीय सेवा प्रदायकहरु, उपभोक्ता समिति, टोल विकास संस्था, अन्य सामुदायिक संस्था तथा सञ्चार क्षेत्र समेत नागरिक समाजका प्रतिनिधिहरुलाई क्षमता विकासको आवश्यकता, रणनीति, योजना तर्जुमा प्रक्रिया र संभाव्य श्रोतबारे अभिमुखिकरण गरिएको थियो ।

२. **समुह, उपभोक्ता समिति, नीजि क्षेत्र, गैसस तथा विषयगत निकाय/सेवा केन्द्रहरुको क्षमता विकासको विद्यमान स्थिति लेखाजोखा:** सेवा प्रवाह र सुशासनको महत्वपूर्ण साझेदारको रुपमा रहेका सेवाग्राहीहरुको प्रतिनिधिमूलक नागरिक संगठनको रुपमा रहेका गैसस, टोल विकास संस्था, समुह, उपभोक्ता समिति तथा अन्य सामुदायिक संस्थाहरु सेवा र विकासका साझेदारको रुपमा रहेको नीजि क्षेत्र, अगैससहरुको विद्यमान क्षमता स्थितिको लेखाजोखा गरियो । यसका लागि क्षमता विकास लेखाजोखाको ढाँचा प्रयोग गरिएको थियो । यस क्रममा टोल विकास संस्था, अन्य सामुदायिक संस्था, उपभोक्ता समिति, नीजि क्षेत्र, गैससहरुको क्षमता विकासको लागि आवश्यकता तथा रणनीतिक कार्यक्रमहरु पहिचान गरियो ।

३. **किल्ला विकास समिति, राजनीति दल तथा गा.वि.स.हरुको क्षमताको विद्यमान स्थिति र आवश्यताको लेखाजोखा:** जिल्ला क्षमता विकास समन्वय समितिका पदाधिकारीका साथसाथै जिल्ला विकास समितिमा प्रतिनीधित्व गर्ने राजनीतिक संयन्त्रका प्रतिनिधि, पदाधिकारी तथा कर्मचारी, विषयगत निकाय, गैसस, नीजि क्षेत्र, उपभोक्ता समिति, सामुदायिक संस्था, दातृ निकायका स्थानीय प्रतिनिधिहरुको सहभागितामा क्षमता विकासका विद्यमान स्थिति र आवश्यताको लेखाजोखा गरियो ।

४. **क्षमता विकास योजना तर्जुमा कार्यशाला:** जिल्ला विकास समिति, राजनीतिक दलका संयन्त्र प्रतिनिधि, नीजि क्षेत्र, उपभोक्ता समिति, गैसस र विषयगत निकायहरुको क्षमताको विद्यमान स्थिति, फरक क्षमता र आवश्यकता सबन्धि नतिजा प्रस्तुतीकरण गरी बृहत समूहमा छलफल गरिएको थियो । यसका साथै सहभागिहरु बीच तर्कयुक्त योजनाको प्रारुप (लगफ्रेम) अनुसार क्षमता विकास कार्यक्रमबारे समूहगत छलफल गरिएको थियो । जिल्ला विकास समितिका प्रतिनीधि तथा कर्मचारी लगायत उपभोक्ता समिति/सामुदायिक संस्थाहरु, राजनीतिक दलका संयन्त्र प्रतिनीधि, विषयगत निकाय, गैसस र नीजि क्षेत्रको प्रतिनिधित्वमा समूहगत छलफल गरी पुन: समूहगत निचोडलाई बृहत समूहमा छलफल गरिएको थियो । क्षमता विकासका साझा क्षेत्ररुको आधारमा समूहगत छलफलका लागि क्षमता विकासका विषयगत क्षेत्रहरु तपसिल बमोजिम रहेका थिए ।

- **योजना तथा रणनीतिक व्यवस्थापन** (सोंच, लक्ष्य, नीति, रणनीतिक योजना, सहभागितामूलक तथा समावेशी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, प्रभाव मुल्याङ्कन, समावेशीकरण, प्रगति समीक्षा तथा प्रतिवेदन आदी),
- **संगठनात्मक विकास** (संगठन विकास, कार्य विवरण तथा आचार संहिता, आन्तरिक तथा बाह्य सञ्चार, कार्य सम्पादन, मुल्याङ्कनको आधारमा पुरस्कार तथा दण्डको व्यवस्था, कर्मचारी परिपूर्ती, तालिम अनुशिक्षण तथा अन्तरक्रिया, करार सेवा तथा सेवा खरिद, कार्यालय/स्थान र प्राविधिक उपकरणहरुको व्यवस्था आदी),
- **आर्थिक व्यवस्थापन तथा श्रोत परिचालन** (राजस्व परिचालन, श्रोत परिचालन, बजेट तथा खर्च व्यवस्थापन, कम्प्युटराइज्ड लेखा प्रणाली, पेश्की/वेरुजु व्यवस्थापन, खरिद योजना, सम्पत्ति तथा जिन्सी व्यवस्थापन, लेखा परिक्षण तथा वित्तिय अनुशासन प्रणाली, वित्तिय प्रतिवेदन तथा सूचनाको हक आदि),

- **सूचना व्यवस्थापन** (वस्तुगत तथा विषयगत स्थिति विश्लेषण, सूचना प्रविधि, अभिलेख तथा प्रकाशन, पंजिकरण, सूचना प्रवाह, पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व, गुनासो व्यवस्थापन, सेवा प्रवाह तथा सिकाई आदि),
- **वातावरण तथा अत्यावश्यक सेवा व्यवस्थापन** (भू-उपयोग तथा जग्गा विकास, पार्क तथा हरियाली विकास र व्यवस्थापन, आपतकालिन सेवाहरु, फोहोरमैला व्यवस्थापन आदी)
- **समन्वय, सम्बन्ध तथा साझेदारी** (निर्णय प्रक्रिया तथा सहभागिता, विकासका साझेदारहरु बीच संस्थागत सम्बन्ध र सहकार्यको अभ्यास, एकिकृत कार्ययोजना तथा नतिजामूलक अनुगमन, श्रोत परिचालन, सार्वजनिक नीजि साझेदारी, गैसस तथा सामुदायिक संस्थाहरुको परिचालन आदि),

५. **क्षमता विकासको लक्ष्य, उद्देश्य, प्रतिफल रणनीति तर्जुमाः** तर्कयुक्त योजनाको प्रारुप अनुसार योजना तर्जुमा कार्यशाला गोष्ठीमा क्षमता विकास योजनाको लक्ष्य, उद्देश्य, प्रतिफलहरु र यसको मापनका सूचकहरु, मापन गर्ने तरिका र जोखिम पक्षहरु समेत सहभागितात्मक छलफल विधिद्धारा निर्धारण गरिएको थियो ।

६. **क्षमता विकास क्रियाकलापहरुको पहिचान तथा प्राथमिकीकरणः** जिल्ला विकास समिति, राजनीतिक संयन्त्र तथा दलहरु, गा.वि.स. र विषयगत निकायहरुमा क्षमता विकासको विद्यमान स्थिति र आवश्यकताका आधारमा क्षमता विकासका सम्भाव्य क्रियाकलापहरु समूहगत छलफलबाट पहिचान गरी समस्या प्रतिको गंभिरता, लागत, लाभन्वित सरोकारवाला, लाग्ने समय, सेवा प्रदायकको उपलब्धता, लागत सहभागिता र क्रियाकलापहरुको दिगोपनाको आधारहरुमा क्षमता विकासको विषय क्षेत्र बमोजिम प्राथमिकीकरण गरिएको थियो । यस क्रममा क्षमता विकासका क्रियाकलापहरुको अन्तरसम्बन्ध, लागत तथा प्रतिफल, सेवा तथा वस्तुहरुको प्रवाह, संभाव्य प्रभाव, समय र वैकल्पिक क्रियाकलापहरुको समेत विश्लेषण गरिएको थियो ।

७. **क्षमता विकास योजनाको लागि श्रोत साधनको अनुमान र विनियोजनः** क्षमता विकास योजना अनुसार क्षमता विकास कार्यक्रमका लागि नेपाल सरकार/संघीय मामिला तथा स्था.वि.म., जिल्ला विकास समिति, दातृ निकाय, गैसस, नीजि क्षेत्र र विषयगत निकायहरुले गर्न सक्ने योगदानको लेखाजोखा गरी श्रोतको अनुमान तयार गरिएको छ । यस अनुसार प्राथमिकता प्राप्त कार्यक्रमहरुमा श्रोत प्रस्ताव गरिएको छ । यसका लागि सहभागितात्मक छलफल विधि, परामर्श तथा कार्यक्रमहरु बीचको सिनर्जी र प्रभावकारितामा ध्यान दिइएको छ ।

८. **क्षमता विकास कार्ययोजना तयारीः** कार्यशाला, समूहगत छलफल तथा बृहत समूह छलफल विधि र प्रस्तावित क्षमता विकास योजना अन्तर्गतका कार्यक्रम तथा गतिविधिहरु सञ्चालनको लागि सोंच, लक्ष्य, उद्देश्य तथा श्रोत साधन सहित निर्दिष्ट जिम्मेवारी तथा समयतालिका सहितको तीन वर्षीय क्षमता विकास कार्ययोजना तर्जुमा गरिएको छ ।

४.९ **क्षमता विकास योजना दस्तावेज तयारीः** क्षमता विकास योजना तर्जुमाका चरण, विधि तथा प्रक्रिया, तर्कयुक्त योजनाको खाँका बमोजिम जि.वि.स.को क्षमता विकास योजनाका साथसाथै प्रस्तावित कार्यक्रम तथा क्रियाकलापहरु, लक्ष्यहरु, श्रोत तथा साधन, जिम्मेवारी र समयतालिका सहित समेटेर योजनाको दस्तावेज तयार गरिएको छ ।

## योजनाको अवधारणा तथा विशेषताहरु

समावेशी, जवाफदेही र उत्तरदायी शासनको प्रवर्धन तथा गरिबी न्यूनिकरणमा योगदान पुर्‍याउन सार्वजनिक निकाय र स्थानीयस्तरमा सेवा सुविधाको प्रवाहको पहुँचमा सुधार ल्याउन जरुरी छ । यसका लागि स्थानीय तहमा सेवा तथा सुविधा प्रवाह र विकास कार्यमा प्रत्यक्ष रुपमा संलग्न जिल्ला विकास समिति तथा विकासका साझेदारहरुको क्षमता विकासमा जोड दिन आवश्यक छ । तसर्थ हाल कार्यान्वयनमा आइरहेका रणनीति र कार्यक्रमहरुको समीक्षा गरी परिष्कृत रणनीति, कार्यक्रम तथा प्रक्रिया र योजनाको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने क्षमता विकास योजनाको मूल मर्म रहेको छ ।

विकास, सेवा प्रवाह र सुशासनका लागि सञ्चालित तथा सञ्चालनमा रहेका कार्यक्रमहरुले क्षमता विकासका प्रयासहरु गरेको तर त्यसको रणनीतिक योजना नभएको अवस्था देखिएको छ । विगतमा सशक्त, स्पष्ट र कार्यमुखी क्षमता विकासको

रणनीतिको अभावमा क्षमता विकासका कार्यक्रमहरु बढी मात्रामा जिल्लास्तरमा केन्द्रित रहेको र गाउँस्तरमा कम पुगेको अवस्था देखिन्छ । यसका साथै स्थानीय निकायहरुमा आर्थिक अनुदानको परिमाण बढ्दै गएको र न्यूनतम शर्त तथा कार्य सम्पादन मापनका आधारमा स्थानीय निकायहरुलाई अनुदान दिने व्यवस्था अबलम्बन गरिएको अवस्थामा जिल्ला विकास समिति र सार्वजनिक सेवा प्रवाहको प्रवाहकारीता र पहुँचका लागि क्षमता विकासमा जोडदिन अति आवश्यक देखिएको छ ।

स्थानीय निकायहरुको क्षमता विकासका लागि आपूर्ति तथा मागमा आधारित क्षमता विकासको अवधारणा अबलम्बन गरिएको छ । जिल्ला विकास समितिले जिल्लाबासीलाई प्रदान गर्ने सार्वजनिक सेवा तथा सुविधाहरू बढी प्रभावकारी बनाउन जि.वि.स.ले सम्पादन गर्ने कार्यलाई दक्ष, नतिजामूलक र उत्पादनमूलक बनाउन आपूर्तिमा आधारित क्षमता विकास कार्यक्रमहरु केन्द्रित रहेका छन् भने मागमा आधारित क्षमता विकासका कार्यक्रमहरू सेवा प्रवाह र सुशासनसँग सम्बन्धित सरोकारवालाहरुको आफ्नै विशेषताको आधारमा देखिएका क्षमता विकास आवश्यकतालाई सम्बोधन गर्ने र तत्काल प्रतिफल दिने तथा वैकल्पिक कार्यक्रमहरु समेटिएको छ । यसका साथै आपूर्तिमा आधारित क्षमता विकास कार्यक्रमहरु जि.वि.स.ले बढी अनुदान प्राप्त गर्नका लागि ध्यान दिनु पर्ने कुराहरुमा केन्द्रित गर्ने प्रयास गरिएको छ भने मागमा आधारित कार्यक्रमहरु महशुस गरिएका आवश्यकता अनुरुप तर्जुमा गरिएको छ ।

## १.६ क्षमता विकासका रणनीतिहरु

विकास र सेवा प्रवाह र सुशासनसँग सम्बन्धित सरोकारवालाहरुको सक्रिय सहभागितामा सेवा प्रदायक संस्थाका सम्बन्धित क्षेत्रका पेशागत दक्ष तथा अनुभवी विषयगत विज्ञको सहजिकरणमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट उपलब्ध क्षमता विकास कार्यविधि बमोजिम क्षमता विकास योजना तर्जुमा तयार गरिएको छ । क्षमता विकासका रणनीतिहरु तपसिल बमोजिम रहेका छन् ।

- क्षमता विकास योजनामा जि.वि.स. र विकास तथा सेवा प्रवाहसँग सम्बन्धित सरोकारवालाहरुको संस्थागत विकास, मानव संसाधन, आर्थिक व्यवस्थापन, प्रविधि र कार्यमूलमक सम्बन्ध विकास तथा कार्य वातावरणमा सकारात्मक परिवेश विकास गर्ने कुरामा विशेष ध्यान केन्द्रित गरिएको छ ।
- क्षमता विकास योजनामा विकासका साझेदार तथा सेवा प्रदायकहरुको विद्यमान क्षमता स्थितिको लेखाजोखा गरी क्षमता खाडल तथा आवश्यकता पहिचान, यसको सम्बोधनका लागि मागमा आधारित रणनीतिक क्षमता विकास क्रियाकलापमा विशेष जोड दिईएको छ ।
- संघीय मामिला तथा स्थानीय स्थानीय विकास मन्त्रालय तथा अन्य विकासका साझेदारहरुबाट न्यूनतम शर्त तथा कार्य सम्पादन मापन मुल्याङ्कनमा देखिएको परिणामको आधारमा कमजोर पक्षहरुलाई सम्बोधन गर्ने आपूर्तिमा आधारित विधिबाट कार्यक्रम संचालन गर्ने नीति अवलम्बन गरिएको छ ।
- क्षमता विकास कार्यहरु सञ्चालन गर्न क्षमता विकास कोषमा केन्द्रबाट उपलब्ध हुने क्षमता विकास अनुदान रकममा जि.वि.स. र स्थानीय साझेदारहरुले पनि योगदान गरी एकीकृत क्षमता विकास योजना तर्जुमा र कार्यान्वयन गर्ने गरि जोड दिईएको छ ।
- जि.वि.स. र सेवा प्रदायक तथा सरोकारवालहरुसँग सम्बन्धित क्षमता विकास कार्यहरु संचालनमा स्थानीय सेवा प्रदायक (Service Providers) तथा नीजि क्षेत्रको भूमिका बृद्धि गर्ने र अन्य समुदायमा आधारित संस्था तथा गैससको परिचालनलाई प्राथमिकता तथा विशेष जोड दिइने छ ।
- सहभागितामूलक विधि अनुसार विकास तथा सेवा प्रवाहका स्थानीय साझेदारहरुको सहभागितामा एकीकृत क्षमता विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा समीक्षा गर्ने गरि क्षमता विकास योजना तर्जुमा गरिएको छ ।
- क्षमता विकास योजना तर्जुमा गर्दा लैंगिक समानता तथा सामाजिक समावेशिकरण क्षेत्रहरुमा समेत क्षमता विकास हुने गरी योजना तर्जुमा गरिएको छ ।
- आपूर्तिमा आधारित क्षमता विकासका कार्यक्रमहरु जि.वि.स. को न्यूनतम शर्त र कार्यसम्पादन मापन (MCPM) मा देखिएको परिणामको आधारमा कमजोर पक्षहरुलाई सम्बोधन गर्ने तथा जि.वि.स.को साझा विषयलाई सम्बोधन गर्ने गरी तर्जुमा गरिएको छ ।

- क्षमता विकास योजना तर्जुमा प्रक्रियामा गा.वि.स.हरुको विपन्नताको स्थिति, सेवा तथा वस्तुको प्रवाह सम्बन्धी कार्यहरु जस्तैः प्राविधिक सहयोग तथा परिक्षण, राजस्व संकलनका लागि बाह्य सेवा प्रदायक परिचालन आदि लाई विशेष प्राथमिकता दिईएको छ ।
- क्षमता विकास योजना तर्जुमा, प्रभावकारी कार्यान्वयन तथा अनुगमनका लागि जिल्लास्तरीय एक क्षमता विकास समन्वय समिति व्यवस्था र परिचालन गर्ने गरि तर्जुमा गरिएको छ ।
- जि.वि.स.ले गा.वि.स., उपभोक्ता समिति, गैसस, विषयगत निकायहरु, नीजि सेवा प्रदायहरुको समेत क्षमता विकासको विद्यमान स्थिति लेखाजोखा तथा आवश्यकता पहिचान गरी क्षमता विकास सबन्धी कार्यक्रमहरु संचालन गर्न आवश्यक सहयोग गर्ने गरि तर्जुमा गरिएको छ ।
- सेवा तथा वस्तुहरु प्रवाह र सुशासनसँग सम्बन्धित सरोकारवालाहरुको आफ्नै विशेषताको आधारमा प्रवाह गरिने सार्वजनिक सेवा तथा सुविधाहरू बढी प्रभावकारी बनाउन क्षमतामा विकास कार्यक्रमहरु केन्द्रित गरिने छ ।

# भाग २

## क्षमता विकास स्थिति लेखाजोखा

सार्वजनिक सेवा प्रवाहमा सेवाग्राहीको पहुँच तथा सेवा प्रवाह दक्ष, प्रभावकारी तथा गुणस्तरीयका लागि सेवा प्रदायक तथा सेवाग्राही दुबै पक्षलाई ध्यान दिन आवश्यक छ । यसैलाई मनन गरी जिल्ला विकास समिति स्याङ्जा तथा अन्य सरोकारवाला सेवा प्रदायकहरु र सेवाग्राही लगायत नागरिक संगठनको क्षमता विकासका लागि उनीहरुको वर्तमान क्षमता विकासको स्थिति विष्लेषण गरी आवश्यकता पहिचान गर्नु आवश्यक रहेको हुन्छ । यसै बमोजिम क्षमता विकास योजना तर्जुमाको लागि उपलब्ध कार्यविधिमा तोकिएको विधि तथा प्रारुप अनुसार जिल्ला विकास समिति लगायत अन्य सार्वजनिक सेवा प्रदायक र सेवाग्राही एवं सेवाग्राहीहरुको प्रतिनिधिमूलक नागरिक संगठनको क्षमता स्थिति लेखाजोखा गरिएको छ । जिल्ला विकास समिति, अन्य विकास साझेदार सेवा प्रदायक तथा सेवाग्राहीहरुको विद्यमान क्षमता स्थिति विश्लेषण तपसिलमा प्रस्तुत गरिएको छ ।

### २.१ क्षमताको विद्यमान अवस्था विश्लेषण र आवश्यकता पहिचान (Capacity Gap Analysis/Need Assessment)

जिल्ला विकास समितिको गत वर्षको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन मुल्याङ्कन प्रतिवेदनबाट कार्यसम्पादन मापनको स्कोर प्रयोग गरी क्षमता फरक (Capacity Gap) विश्लेषण गरिएको थियो । उक्त विश्लेषणबाट जिल्ला विकास समिति स्याङ्जा आधारभूत सेवा प्रवाह, संगठन तथा मानव संसाधनको दृष्ट्रिकोणवाट तुलनात्मक राम्रो रहेको देखिन्छ भने वित्तिय व्यवस्थापन सबभन्दा कमजोर देखिएको छ ।

यसका साथै क्षमता विकास कार्यविधिमा उल्लेखित क्षमता स्थिति लेखाजोखा विधि प्रयोग गरी सहभागितात्मक रुपमा जिल्ला विकास समिति र विकास, सेवा प्रवाह तथा सुशासनसँग सम्बन्धित सरोकारवालाहरुको क्षमताको विद्यमान स्थिति र क्षमता फरकको आधारमा क्षमताका आवश्यकता पहिचान गरिएको थियो ।

### २.२ क्षमता विकासका प्रस्तावित कार्यक्रम तथा क्रियाकलापहरु

क्षमता विकास योजना तर्जुमा प्रक्रियामा सहभागितात्मक छलफल विधि बमोजिम जिल्ला विकास समिति र विकास तथा सेवा प्रवाहसँग सम्बन्धित साझेदारहरुको क्षमताको स्थिति लेखाजोखा गरी क्षमता विकास आवश्यकता पहिचान गरिएको थियो । यसैगरी क्षमता विकास कार्यविधि बमोजिम सहभागितात्मक छलफल विधिद्धारा क्षमता विकासका आवश्यकताको पहिचान, क्षमता विकासका साझा क्षेत्र अनुसार छलफल र विष्लेषण गरी विषय क्षेत्र अनुसार क्षमता विकासका क्रियाकलापहरुलाई आपूर्ती तथा मागमा आधारित क्षमता विकासका क्रियाकलापहरुको वर्गीकरण तथा विषयक्षेत्र अनुसार प्राथमिकता निर्धारण गरिएको थियो । क्षमता विकासका क्रियाकलापहरुको प्राथमिकीकरण गर्दा प्रति इकाई लागत, तत्काल प्रभाव, लाभन्वित व्यक्ति, लाग्ने समय, सेवा प्रदायकको उपलब्धता, लागत सहभागिता, समस्याको गम्भिरता, लाभन्वित वर्ग र दिगोपनालाई आधारको रुपमा लिएको थियो । आपूर्ति तथा मागमा आधारित प्राथमिकता प्राप्त क्षमता विकासका प्रस्तावित कार्यक्रम तथा क्रियाकलापहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्षमता विकासका क्षेत्रहरु | क्षमता विकासका प्रस्तावित कार्यक्रमहरु | प्राथमिकताक्रम |
|---|---|---|
| **क. आपूर्तिमा आधारित क्षमता विकास क्रियाकलापहरु** | | |
| **१. नीति तथा कार्यविधि** | | |
| **१.१ नीति, प्रणाली र कार्यविधि** | | |
| | ● क्षमता विकास कार्यविधि | १ |
| | ● प्रोदभावी लेखा प्रणाली सम्बन्धि कार्यविधि | ३ |
| | ● आन्तरिक आय, राजस्व तथा कर निर्देशिका | ४ |
| | ● लैङ्गिक समानता तथा समावेशीकरण रणनीति तथा नीति र सञ्चालन कार्यविधि | ५ |
| | ● वातावरणीय तथा सामाजिक सुरक्षात्मक प्रारुप (Framework) तथा सञ्चालन विधिको पालना | ६ |
| | ● सामाजिक परिचालन निर्देशिका तथा सञ्चालन कार्यविधि | ७ |
| | ● वालमैत्री स्थानीय शासन प्रारुप | ८ |
| | ● वित्तिय व्यवस्थापन तथा श्रोत परिचालन कार्यविधि | ९ |
| | ● स्थानीय निकाय सार्वजनिक खरिद निर्देशिका तर्जुमा | १० |
| | ● उपभोक्ता समिति गठन तथा परिचालन निर्देशिका | ११ |
| | ● टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि | १२ |
| | ● स्थानीय शासन जवाफदेही संयन्त्र परिचालन निर्देशका | १३ |
| **१.२ फरम्याट तथा ढाँचा** | ● बार्षिक जिल्ला विकास योजना समिक्षा तथा प्रतिवेदन ढाँचा | १ |
| | ● नजितामूलक अनुगमन तथा मुल्याङ्कन ढाँचा तथा प्रणाली | २ |
| | ● मासिक, चौमासिक र वार्षिक प्रतिवेदन ढाँचा तथा फाराम | ३ |
| **१.३ भौतिक सुविधा र सफ्टवयर** | ● शाखा प्रमुख तथा अन्यका लागि उपकरण (ल्यापटप, मोटरसाईकल, क्यामेरा) | १ |
| | ● विभिन्न सफ्टवयरहरु (योजना, खरिद/जिन्सि लेखा, सूचना व्यवस्थापन प्रणाली , व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा आदि) | २ |
| | ● जिल्ला विकास योजना तथा कार्यक्रमहरुको प्रगति अनुगमन सफ्टवयर तर्जुमा | ३ |
| **२. मानव संसाधन र विकास** | | |
| **२.१ मानव संसाधन विकास/तालिम र अभिमुखीकरण** | | |
| | ● सार्वजनिक खरिद प्रक्रिया तथा खरिद योजना तर्जुमा | १ |
| | ● सेवा प्रदायकहरुका लागि सामाजिक परिचालन सम्बन्धि तालिम | २ |
| | | |
| | ● क्षमता विकास | ३ |
| | ● न्यूनतम शर्त तथा कार्य सम्पादन मापन | ४ |
| | ● सामाजिक परिचालन तालिम | ५ |
| | ● नतिजामूलक योजना, अनुगमन तथा मुल्याङ्कन प्रणाली सम्बन्धि तालिम | ६ |
| | ● लैङ्गिक सामाजिक समावेशीकरण बजेट अडिट | ७ |

| क्षमता विकासका क्षेत्रहरु | क्षमता विकासका प्रस्तावित कार्यक्रमहरु | प्राथमिकताक्रम |
|---|---|---|
| | • सूचना व्यवस्थापन<br>• सूचना, शिक्षा तथा सञ्चार रणनीति र सामग्रीबारे अभिमुखीकरण<br>• राजस्व परिचालन तालिम तथा कार्यशाला<br>• आन्तरिक लेखा परिक्षण तालिम<br>• बेरुजु फछ्यौट तालिम (योजना अधिकृत, लेखा अधिकृत, आलेप अधिकृत, शाखा प्रमुख र लेखापाल लागि)<br>• स्थानीय शासन जवाफदेही संयन्त्र सम्बन्धि अभिमुखीकरण | ८<br>९<br>१०<br>११<br>१२<br><br>१४ |
| **३. बाह्य सेवा करार** | • प्राविधिकहरु छनौट, करार र परिचालन, सा.प.। गैसस। अन्य विविध | |
| **ख. मागमा आधारित क्षमता विकासका क्रियाकलापहरु** | | |
| **१. रणनीतिक योजना तथा व्यवस्थापन** | • सार्वजनिक सेवा तथा विकास सम्बन्धि केन्द्रिय नीति, प्रक्रिया र योजनाबारे सरोकारवालालाई अभिमुखीकरण | |
| | • जिल्ला विकास नीति तर्जुमा सम्बन्धि सरोकारवाला बीच अन्तरक्रिया | २ |
| | • आवधिक जिल्ला विकास योजनाबारे सरोकारवालालाई अमिभुखीकरण | ३ |
| | • आवधिक योजनाको लागि आर्थिक सहयोग | ४ |
| | • लैंगिक समानता र समावेशीकरण नीति अभिमुखीकरण | ५ |
| | • लैंगिक समानता र सामाजिक समावेशीकरणबारे लक्षित समुदाय देखि जिल्लास्तर का सरोकारवालालाई अभिमुखीकरण | ६ |
| | • सञ्चालित योजनाको सार्वजनिक परिक्षण | ७ |
| | • जिल्ला गरिबी मापन विश्लेषण | ८ |
| | • स्थानीय आर्थिक विकास (LED) सम्बन्धि रणनीति तथा योजना तर्जुमा | ९ |
| | • दलीय संयन्त्र र नागरिक समाजका प्रतिनिधिका लागि क्षमता विकास तथा क्षमता विकास योजना कार्यान्वयनबारे अभिमुखीकरण | १० |
| | • दलीय संयन्त्रमा कार्य विवरण तथा भूमिकाबारे राजनीतिक दलहरु बीच अन्तरक्रिया | ११ |
| | • **जिल्ला विकास योजना तथा बजेट तर्जुमा सम्बन्धि तालिम** -जिल्ला विकास समितिका पदाधिकारी र कर्मचारी, सामाजिक परिचालक, राजनैतिक दलका प्रतिनिधि, विषयगत निकाय र गैससहरु, एकिकृत योजना समितिका सदस्य, वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रका प्रतिनिधिहरुका लागि) | १२ |
| | • सामजिक परिचालक, उपभोक्ता समिति, गैससका पदाधिकारीका लागि योजना कार्यान्वयन सम्बन्धि तालिम | १३ |
| | • **योजना तथा बजेट तर्जुमा, सार्वजनिक सेवा तथा सुविधा र बजेट सम्बन्धि तालिम** (दलित, आदिवासी जनजाति, महिला तथा वालवालिका, मुस्लिम, विपन्न लगायत पिछडिएको वर्ग आदिका लागि) | १४ |
| | • लागत सहभागितामा योजनागत रुपमा सार्वजनिक संरचनाहरुको मर्मत संभार कोष व्यवस्थापन लगायत निर्देशिका तर्जुमा | १५ |
| | • सडक मर्मत संभारका लागि स्थानीय श्रोत व्यक्ति परिचालन कार्यविधि तर्जुमा | १५ |
| | • उपभोक्ता समिति, र गैससका पदाधिकारीलाई योजना मर्मत संभार र सञ्चालन सम्बन्धि तालिम | १६ |
| | • नतिजामूलक व्यवस्थापनमा आधारित अनुगमन तथा मुल्याङ्कन कार्यविधि तर्जुमा | १७ |

| क्षमता विकासका क्षेत्रहरु | क्षमता विकासका प्रस्तावित कार्यक्रमहरु | प्राथमिकताक्रम |
|---|---|---|
| | • सर्वदलीय संयन्त्रलाई सर्वपक्षिय बनाई पदाधिकारीलाई नतिजा मूलक अनुगमन तथा मुल्याङ्कन सम्बन्धि तालिम | १८ |
| | • गैसस र उपभोक्ता समितिबाट पेश गर्ने प्रतिवेदनको ढाँचा तथा कार्यविधि तयारी | १९ |
| | • जिल्ला विकास योजनाको नतिजामूलक प्रतिवेदन प्रणाली सम्बन्धि सफ्टवयर तयार गरी विद्युतीय प्रतिवेदन प्रणाली तर्जुमा | २० |
| | • प्रतिवेदन लेखन तालिम | २१ |
| | • प्रगति प्रतिवेदनको समीक्षा पृष्ठपोषण ढाँचा तथा प्रणाली तर्जुमा | २२ |
| **२. संगठनात्मक व्यवस्थापन** | • संगठन विकास अध्ययन अनुसार मुख्य कार्य र सहायक कार्य निर्धारण | १ |
| | • मुख्य कार्यका लागि स्थायी दरबन्दी सिर्जना पदपूर्ती | २ |
| | • कार्यविवरणको बार्षिक समीक्षा र परिमार्जन | ३ |
| | • पछाडि पारिएका समुदाय, वर्ग, महिला, उपभोक्ता समिति र अन्य सामुदायिक संस्थालाई निर्णय प्रक्रिया र संस्थागत विकास तालिम | ४ |
| | • सबै समिति, उपसमिति तथा संयन्त्रको कार्यविरण तर्जुमा र उपलब्ध | ५ |
| | • समिति र उपसमिति कार्य विवरण र कार्य सम्पादनबारे अभिमुखीकरण तथा अर्धबार्षिक रुपमा समीक्षा बैठक | ६ |
| | • विद्यमान समिति, उपसमितिहरुको सचिवालयको भौतिक अवस्था सुधार र नियमित बैठक | ७ |
| | • वेवसाइटको कर्मचारीद्धारा अद्यावधिक गर्ने सीप हस्तान्तरण तालिम | ८ |
| | • बैठक तथा अन्तरक्रियाका निर्णयहरुको दस्तावेजीकरण र निर्णय तथा शिफारिश हरु योजना तथा कार्यक्रममा समावेश गर्ने प्रणाली तर्जुमा | ९ |
| | • जिविसको कार्य सम्पादन मापन प्रणाली तथा नागरिक बडापत्रबारे सम्बन्धित सरोकारबाला बीच अन्तरक्रिया | १० |
| | • उपभोक्ता समिति, गैसस तथा अन्य सामुदायिक संगठनको कार्य सम्पादन मुल्याङ्कन प्रणालीको विकास र प्रयोग | ११ |
| | • उत्कृष्ट कार्य गर्ने उपभोक्ता समिति, गैसस र सिविओहरुलाई बार्षिक रुपमा पुरस्कारको व्यवस्था | १२ |
| | • कर्मचारीको कार्यसम्पादन मुल्याङ्कन वटा पुरस्कृत, बढुवा र दण्ड सजायको व्यवस्था सहित कार्यविधि तर्जुमा | १३ |
| | • पदाधिकारी तथा कर्मचारीको आचारसंहिता तयारी र बैठकमा कार्य सम्पादनको स्थिति समिक्षा प्रणाली तर्जुमा | १४ |
| **३. राजस्व परिचालन** | • जिविसको राजस्व वृद्धि सम्वन्धी संभाव्यता अध्ययन | १ |
| | • राजस्व परिचालन सम्बन्धि निर्देशिका तर्जुमा | २ |
| | • अर्धवार्षिक रुपमा राजस्व परामर्श समितिको वैठक तथा सरोकारवालालाई समावेश गरी व्यापक छलफल | ३ |
| | • राजस्व परामर्श समितिका पदाधिकारी, राजस्व शाखामा कार्यरत कर्मचारी तथा जिविसका कर्मचारीलाई राजस्व परिचालन सम्बन्धि तालिम | ४ |
| | • सर्वदलिय संयन्त्रलाई जवाफदेही वनाउन विद्यमान ऐन, नियम, निर्देशिकावारे | ५ |

| क्षमता विकासका क्षेत्रहरु | क्षमता विकासका प्रस्तावित कार्यक्रमहरु | प्राथमिकताक्रम |
|---|---|---|
| | अभिमुखिकरण | |
| | • उपभोक्ता समितिलाई योजनाको कार्य शुरु हुनु पहिले योजना कार्यान्वयन र योजना सम्पन्न भएपछि मर्मत संभार सम्बन्धि तालिम | ६ |
| | • उपभोक्ता समिति गठन र परिचालन सम्वन्धी निर्देशिका तयारी | ७ |
| | • स्थानीय निकायको लागि तालिम, अभिमुखीकरण र कार्यशाला सम्बन्धि नर्मस् तर्जुमा | ८ |
| | • वडा तथा गा.वि.स. तहमा योजना तथा बजेट तर्जुमा सम्बन्धि तालिम | ९ |
| | • श्रोत परिचालनको संभाव्यतावारे राजनैतिक दल, नीज क्षेत्र तथा नागरिक समाज तथा सरोकारवाला वीच व्यापक वहस, छलफल गरी रणनीतिक योजना तर्जुमा र कार्यान्वयन | १० |
| | • खरिद प्रक्रिया सम्बन्धि ऐन, नियम र निर्देशिकावारे कर्मचारी, पदाधिकारी, सेवा प्रदायक, गैसस र उपभोक्ता समितिलाई अभिमुखीकरण | ११ |
| | • सार्वजनिक वस्तु तथा सेवा खरिद योजना तर्जुमा (बार्षिक र आवधिक) | |
| | • सेवा प्रदायकहरुको नक्शाङ्कन तथा सूची तयारी र पूर्व योग्यता पुगेका सेवा प्रदायकहरुबाट मात्र सम्बन्धित सेवा तथा वस्तु प्रतिस्पर्धात्मक र पारदर्शी रुपमा खरिद प्रणाली तर्जुमा र राजनीतिक संयन्त्र पदाधिकारी बीच अन्तरक्रिया | १२ |
| | • ई-टेन्डर तथा इविडिङ्ग प्रणाली तर्जुमा | १३ |
| | • जिन्सि निरीक्षण, मर्मत संभार, लिलाम र व्यवस्थापन सम्बन्धि निर्देशिका तर्जुमा | १४ |
| | • जिन्सी सफ्टवयर निर्माण/खरिद स्थापना र प्रयोगात्मक तालिम | १५ |
| | • जिन्सी सफ्टवयर प्रयोग गरी जिन्सि र सम्पत्तिको अभिलेख अद्यावधिक | १६ |
| | • जिन्सि शाखाको व्यवस्थापन | १७ |
| | • हेभी इक्युपमेण्ट तथा स्थायी सम्पत्तिको विमा र परिचालन सम्बन्धि कार्यविधि तर्जुमा | १८ |
| | • जिविसका कर्मचारीहरुलाई लेखा व्यवस्थापन र वेरुजु फछर्योट सम्बन्धी तालिम | १९ |
| | • अन्तिम प्राविधिक मुल्याङ्कन, सार्वजनिक परिक्षण र अनुगमन प्रतिवेदन आधारमा मात्र अन्तिम किस्ता निकासाको व्यवस्था सहितको कार्यविधि तर्जुमा | २० |
| | • भौतिक तथा आर्थिक प्रगती प्रतिवेदन मापन सूचक तयारी र मापन प्रणाली तर्जुमा र सञ्चार माध्यम तथा प्रकाशन मार्फत सार्वजनिक | २१ |
| **४. सूचना व्यवस्थापन** | • जिल्ला वस्तुगत विवरण अद्यावधिक गर्नका लागि सरोकारवालाहरु बीच समन्वय, सहकार्य र प्राविधिक तथा आर्थिक सहयोग सम्बन्धि अन्तरक्रिया | १ |
| | • सूचना प्रविधि तथा प्राविधिक उपकरणहरु विशेष गरी जिआईएस र जिपिएसको खरिद र सञ्चालन तालिम | २ |
| | • प्रगति अनुगमन प्रतिवेदन ढाँचा तयारी तथा प्रयोग | ३ |
| | • जिविसमा वायरलेस प्रविधिको इन्टरनेट जडान | ४ |
| | • सूचना तथा सञ्चार प्रविधि सम्बन्धि तालिम | ५ |
| | • स्थानीय विकास र सेवा प्रवाह सम्बन्धि प्रकाशन र प्रसारणका लागि सेवा प्रदायकसँग करार | ६ |
| | • राजनीतिक दल र गैसस र नीजि क्षेत्र समेतको सूचना समेट्ने गरी बेवसाइट क्षमता बृद्धि र सूचना तथा विवरण अद्यावधिक | ७ |

| क्षमता विकासका क्षेत्रहरु | क्षमता विकासका प्रस्तावित कार्यक्रमहरु | प्राथमिकताक्रम |
|---|---|---|
| | • सूचना केन्द्रमा सार्वजनिक विषय तथा सेवा सम्वन्धि नीति, नियम, निर्माण एवं निर्णयको सूचना व्यवस्थित अभिलेख प्रणाली तर्जुमा | ८ |
| | • सूचना, शिक्षा तथा सञ्चार रणनीति तथा सामग्रीबारे जानकारी तथा अभिमुखीकरण र प्रचार प्रसार | ९ |
| | • एफएम रेडियो, पत्रपत्रिका, बुलेटिन र पुस्तिका मार्फत सार्वजनिक सेवा, सुविधा योजना, कार्यक्रम र बजेट सम्बन्धि विवरण प्रकाशन, प्रसारण र जानकारी | १० |
| | • नीजि क्षेत्र र गैसस तथा सिविओ बीच अर्धबार्षिक छलफल | ११ |
| | • व्यक्तिगत घटना दर्ताबारे जिल्लास्तरमा राजनीतिक दलका प्रतिनिधिहरु बीच छलफल | १२ |
| | • व्यक्तिगत घटना दर्ता सम्बन्धि पछाडी पारिएका वर्ग तथा समुदायका टोल विकास र अन्य सामुदायिक संस्थाहरुमा अन्तरक्रिया | १३ |
| | • व्यक्तिगत घटना दर्ता सफ्टवयर तयारी र प्रयोग | १४ |
| | • सम्बन्धित कर्मचारीलाई कम्प्युटरकृत पञ्जिकरण व्यवस्थापन तालिम | १५ |
| | • सबै वडाहरुमा सामाजिक परिचालकको व्यवस्था सेवा प्रवाह र विकास कार्य सम्पादनमा परिचालन | १६ |
| | • सूचनाको हक सम्बन्धि ऐन, नियम र व्यवस्थाबारे सेवा प्रदायकहरु अभिमुखीकरण | १७ |
| | • बार्षिक योजना विवरण जिविसको सूचना बोर्डमा डिस्प्ले र विवरण अद्यावधिक | १८ |
| | • राजनीतिक दल, जिविसका पदाधिकारी कर्मचारी गैसस, उ.स. र सा.स.का पदाधिकारीलाई सुशासन सम्बन्धि तालिम तथा अभिमुखीकरण | १९ |
| | • सूचनाको हकबारे सेवाग्राहीलाई सूचना, शिक्षा र सञ्चार र छलफलद्धारा जानकारी | २० |
| | • पारदर्शिता तथा उपलब्ध नीति, निर्देशिका, कार्यविधि र व्यवस्थाबारे तथा सरोकारवालालाई अभिमुखीकरण | २१ |
| | • गैससका प्रतिनिधिहरुलाई स्थानीय शासन जवाफदेही संयन्त्र र प्रक्रियाबारे अभिमुखीकरण | २२ |
| | • ५ लाख भन्दा माथिका परियोजनाहरुमा सूचना पाटी राख्ने र सार्वजनिक लेखा परीक्षण प्रणाली सहित योजना कार्यान्वयन कार्यविधि तर्जुमा | २३ |
| | • योजना तथा कार्यक्रमहरु, बजेट तथा कार्यान्वयन विधिबारे जानकारी र सहभागितामूलक र पारदर्शी प्रक्रिया बमोजिम उपभोक्ता समिति, सामुदायिक संस्था, गैसस र व्यवसायी छनौट सम्बन्धि कार्यविधि तर्जुमा | २४ |
| | • नोडल अधिकृतहरुलाई गुनासो व्यवस्थापन तथा वार्तासीप सम्बन्धि तालिम | २५ |
| | • पछाडि पारिएका वर्ग तथा समुदायहरुलाई सार्वजनिक सेवा सुविधाबारे जानकारी | २६ |
| | • सफल अभ्यास, कथा तथा कार्यहरुको डकुमेन्ट्री निर्माण र प्रसारण | २७ |
| | • सूचना केन्द व्यवस्थापन र सञ्चालन निर्देशिका अद्यावधिक र वितरण तथा प्रसारण | २८ |
| | • बार्षिक रुपमा अध्ययन तथा अवलोकन भ्रमण | २९ |
| **५. सार्वजनिक** | • भू-उपयोग तथा जग्गा विकास योजना र कार्यक्रम सम्बन्धि सरोकारवालालाई | १ |

| क्षमता विकासका क्षेत्रहरु | क्षमता विकासका प्रस्तावित कार्यक्रमहरु | प्राथमिकताक्रम |
|---|---|---|
| **सम्पत्ति, वातावरण तथा सेवा व्यवस्थापन** | अभिमुखीकरण | |
| | ● जिल्ला भित्रको सार्वजनिक जग्गाको सर्वेक्षण र अभिलेखीकरण | २ |
| | ● जिल्लाको कोर क्षेत्रको बजार व्यवस्थापनका लागि स्थानीय समुदाय र व्यवसायी बीच अन्तरक्रिया | ३ |
| | ● पूर्वाधार विकास योजना तथा परियोजना प्रस्ताव तर्जुमा सम्बन्धि तालिम | ४ |
| | ● नेपाल सरकारबाट तर्जुमा भएको भवन संहितालाई सरलीकरण र जारी | ५ |
| | ● प्रकोप व्यवस्थापन योजना तर्जुमा तथा पूर्व तयारी सम्बन्धि अभिमुखीकरण | ६ |
| | ● प्रकोप व्यवस्थापन कोष सञ्चालन निर्देशिका तर्जुमा र अभिमुखीकरण | ७ |
| | ● पछाडि पारिएको वर्ग तथा समुदाय टोल विकासमा सरसफाई तथा चर्पी निर्माण सम्बन्धि अन्तरक्रिया | ८ |
| **६. समन्वय र सहकार्य तथा साझेदारी विकास** | ● समावेशी एकीकृत योजना तर्जुमा समिति र सर्वपक्षीय अनुगमन संयन्त्रको गठन र परिचालन | १ |
| | ● योजना व्यवस्थापनको सबै तहमा सामाजिक समावेशीकरण प्रणालीको अभ्यास बारे राजनीतिक दलसँग अन्तरक्रिया | २ |
| | ● लक्षित वर्गको अनिवार्य सहभागिताको व्यवस्था सहित योजना तथा बजेट तर्जुमा कार्यविधि तयारी | ३ |
| | ● सार्वजनिक सेवा प्रवाह र पेशागत अधिकारबारे कर्मचारी र सेवाग्राही बीच अन्तरक्रिया | ४ |
| | ● योजना तर्जुमा सम्बन्धि वडा भेलामा वडास्तरीय प्रतिनिधिको सहभागिता सम्बन्धि निर्णय र राजनीतिक संयन्त्रलाई जवाफदेही बनाउन पैरवी | ५ |
| | ● स्थानीय निकायमा निर्माण सम्बन्धि हेभी इक्यूपमेण्टको व्यवस्थाको लागि केन्द्रिय निकायसँग बहश र पैरबी | ६ |
| | ● विषयगत रुपमा कार्य गर्ने संस्थाहरुको नक्शाङ्कन, सूचीकरण तथा परिचालन | ७ |
| | ● दातृ/सहयोगी निकायहरुबाट सञ्चालित परियोजना प्रगति तथा मुल्याङ्कन प्रतिवेदनको समीक्षा | ८ |
| | ● एकद्वार प्रणालीमा आधारित टोल विकास तथा अन्य समुदायमा आधारित संस्था परिचालन निर्देशिका तर्जुमा, कार्यान्वयन तथा अभिमुखिकरण | ९ |
| | ● सामाजिक परिचालनमा कार्य गर्ने निकायहरुको नक्शाङ्कन र सूचीकरण | १० |
| | ● सामाजिक परिचालन निर्देशिका सम्बन्धि सरोकारवालाका लागि अभिमुखिकरण | ११ |
| | ● सामाजिक परिचालन समन्वय समिति गठन र परिचालन | १२ |
| | ● गैसस तथा सिविओ डेस्क व्यवस्थापन र चौमासिक अन्तरक्रिया | १३ |
| | ● पदाधिकारी, कर्मचारी, राजनीतिक दल, टोल विकास संस्था, उपभोक्ता समिति तथा अन्य समुदायमा आधारित गैससका प्रतिनिधिहरु लाई सार्वजनिक परिक्षण, प्राविधिक परिक्षण, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई सम्वन्धी अभिमुखिकरण | १४ |
| | ● गैसस, उपभोक्ता समिति र सामुदायिक संस्थाहरुको नक्शाङ्कन, अभिलेख अद्यावधिक र नविकरण | १५ |
| | ● सार्वजनिक नीजि साझेदारी सम्वन्धी निर्देशिका तर्जुमा तथा अभिमुखीकरण | १६ |

| क्षमता विकासका क्षेत्रहरु | क्षमता विकासका प्रस्तावित कार्यक्रमहरु | प्राथमिकताक्रम |
|---|---|---|
| | • सार्वजनिक नीजि साझेदारीको संभावना क्षेत्र एवं निजी लगानीकर्ता साझेदारीको क्षेत्र, नमूना र कार्यान्वयन विधिबारे अध्ययन विष्लेषण तथा नतिजा बारे अन्तरक्रिया | १७ |
| | • नीजि लगानीकर्ता र सेवा प्रदायकहरुको नक्शाङ्कन, क्षमता लेखाजोखा तथा सूचीकरण | १८ |
| | • पूर्वाधार विकास, फोहोरमैला व्यवस्थापन र शहरी सेवा प्रवाहमा सार्वजनिक निजी साझेदारीका विधि प्रक्रियाबारे अध्ययन र छलफल | १९ |
| | • केन्द्रिय प्रतिनिधि र शहरी विकासका सरोकारवालाहरु बीच छलफल तथा अन्तरक्रिया | २० |
| | • क्षमता विकासमा दक्ष सेवा प्रदायकहरुको सूचीकरण र परिचालन | २१ |
| | • पूर्वाधार विकास तथा सेवा प्रवाहका लागि केन्द्र तहमा नियमित डेलिगेसन र फलोअप | २२ |
| | • साँसद विकास कोषबाट प्रत्येक गा.वि.स.मा १ योजना सञ्चालनको लागि पैरवी | २३ |
| | • विकास तथा सेवा प्रवाहका साझेदारहरुको क्षमता स्थिति विष्लेषण र कार्यक्रम तर्जुमा र समीक्षा | २४ |
| | • अन्तर स्थानीय निकाय सर्वपक्षिय अन्तर स्थानीय निकाय समन्वय संयन्त्र, कार्य प्रक्रिया र ढाँचा निर्माण, साझा क्षेत्र र कार्यक्रमको बारे नियमित अन्तरक्रिया | २५ |
| | • जिल्ला विकास योजना तर्जुमा गर्नु अगावै राजनीतिक दल तथा सरोकारवाला बीच छलफल | २६ |
| | • अन्तर स्थानीय निकाय अध्ययन र अवलोकन भ्रमण | २७ |

# भाग ३

## क्षमता विकास योजना कार्यान्वयन

जिविस क्षमता विकास योजना अन्तर्गतका प्रस्तावित क्रियाकलापलाई व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयनको लागि आवश्यक पर्ने बजेट, बजेट उपलब्ध हुन सक्ने श्रोतहरु तथा बजेट अनुमान र प्रस्तावित प्राथमिकता प्राप्त क्षमता विकासका क्रियाकलापहमा बजेट विनियोजन, क्रियाकलापमा हुनु पर्ने लागत योगदान समय तालिका तथा जिम्मेवारी सहितको कार्ययोजना यस भागमा प्रस्तुत गरिएको छ ।

### ३.१ क्षमता विकास योजनाको लागि अनुमानित तथा प्रस्तावित लगानी तथा श्रोत विनियोजन

यस क्षमता विकास योजनाको लागि रु. ७४,१९,६२,०००।०० लागत अनुमान गरिएको छ । योजनाको लागि अनुमान गरिएको श्रोत मध्ये सं.मा.तथा स्था.वि.म/ स्था.शा.सा.वि.का., जिविस, र अन्य विकास साझेदारहरुवाट संयुक्त रुपमा योगदान हुने अपेक्षा गरिएको छ ।

### ३.२ समयावधि

यस प्रस्तावित क्षमता विकास योजनाको अवधि ५ वर्ष (योजना स्वीकृति भएको आर्थिक वर्ष २०७२/७३ देखि आर्थिक वर्ष २०७६/७७ मसान्त सम्मको हुनेछ । यस क्षमता विकास योजना तर्जुमाका चरण र विधिहरु अनुसार योजना तर्जुमा लगभग १ महिना दिनको समय लागेको थियो । यस क्षमता विकास योजनाको वार्षिक रुपमा समीक्षा गरी पुनरावलोकन तथा अद्यावधिक गर्न प्रस्ताव गरिएको छ । जिविस क्षमता विकास योजनाको समीक्षा बार्षिक रुपमा बार्षिक जिल्ला विकास योजना तर्जुमा कार्य शुरु हुनु अगावै गर्न प्रस्ताव गरिएको छ ।

### ३.३ क्षमता विकास कार्ययोजना तथा कार्यक्रम बजेट

जिल्ला विकास समिति तथा विकास र सेवा प्रवाहसँग सम्बद्ध सरोकारवालाहरुको क्षमताको स्थिति लेखाजोखा तथा पहिचान गरिएका क्षमता आवश्यकताको विश्लेषण र प्रणालीगत रुपमा निश्चित आधारको प्रयोग गरी क्षमता विकासका क्रियाकलापहरुलाई आर्थिक वर्ष, क्षमता विकासका रणनीति, साझा तथा विषय क्षेत्र अनुसार विभिन्न समूहमा वर्गीकरण गरिएको छ । यसको साथै जिल्ला विकास समिति र सेवा प्रदायक तथा सेवाग्राहीहरुको क्षमता विकासका क्रियाकलापहरुको विषय क्षेत्रगत रुपमा प्राथमिककता निर्धारण गरी श्रोतको अनुमान र विनियोजन गरी क्षमता विकासका गतिविधिहरुलाई कार्ययोजनाको ढाँचामा प्रस्तुत गरिएको छ । जुन तपसिल बमोजिम प्रस्तुत गरिएको छ ।

## ३.२.१ आर्थिक वर्ष २०७२/७३ देखि २०७४/२०७५ को लागि क्षमता विकास कार्ययोजना तथा कार्यक्रम बजेट विवरण

| योजना सारांश | सूचक | | | | पुष्ट्याईका आधारहरु | पूर्वानुमान |
|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | आ.व.०७४।०७५ सम्म | | | |
| | | | आधारवर्ष (२०७१/७२) | लक्ष्य (०७४/७५) | | |
| **विषयगत उद्देश्य**<br>सेवा प्रदायक र सेवाग्राहीको कार्य सम्पादन, क्षमता र जवाफदेहिता अभिबृद्धि गरीसेवा सुविधाप्रवाह गुणस्तरीय, नतिजामूलक र प्रभावकारी बनाउने | क्षतिपूर्तिसहितको नागरिकबडापत्र लागू गरी सेवा प्रवाह गर्ने निकाय | संख्या | ३ | ६५ | • आजिवियो अन्तिम, मद्यावधि र बार्षिक समीक्षा प्रतिवेदन<br>• नागरिक सन्तुष्टी सर्वेक्षण प्रतिवेदन<br>• सामाजिक परीक्षण तथा पालना अनुगमन प्रतिवेदन<br>• संचार माध्यममा प्रकाशित सामग्रीहरु | • उपलब्ध ऐन, नियम निर्देशिका पालनामा बृद्धि हुनेछ।<br>• संबन्धित केन्द्रिय निकायबाट कार्यक्रम र बजेट उपलब्ध हुनेछ।<br>• नागरिक निगरानी तथा जवाफदेहिता अभिबृद्धि भएको हुनेछ। |
| | सेवाग्राही सन्तुष्टी मापनको पद्धति नियमित अभ्यास गर्ने सार्वजनिक निकाय | संख्या | ० | ५५ | | |
| | सार्वजनिक निकायले निर्वाह गरेको सामाजिक जिम्मेवारीको लेखाजोखा सहित सामाजिक परीक्षण गरी प्रतिवेदन सार्वजनिक एवं कार्यान्वयन गर्ने सार्वजनिक निकाय (जिविस र गुनपा) | संख्या | ४८ | ९६ | | |
| | सार्वजनिक निकायहरुको कानूनी तथा नीतिगत व्यवस्था पालना गराउने कार्य (LGAF) स्थानीय शासन उत्तरादायी समयन्त्र | संखया | ३१ | ४५ | | |
| **असर १:**<br>सेवा प्रदायक निकाय तथा लक्षित वर्गको संस्थागत क्षमता विकास भएको हुनेछ। | कार्यक्रम खर्च अनुपात जिविस<br>विषयगत कार्यालय<br>गाविस<br>नपा<br>गैसस | प्रतिशत | १०<br>४०<br>३०<br>१०<br>१० | १०<br>४०<br>३०<br>१०<br>१० | • आजिवियो मध्यावधि र बार्षिक समीक्षा प्रतिवेदन<br>• न्यूशकास मूल्याङ्कन प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन<br>• क्षमता विकास योजना दस्तावेज<br>• संगठन विकास अध्ययन दस्तावेज | • केन्द्र, स्थानीय र विकास साभेदार निकायका लगानी बृद्धि हुनेछ<br>• उपलब्ध ऐन, नियम निर्देशिका पालनामा बृद्धि हुनेछ।<br>• सम्बन्धित केन्द्रिय तथा निकायबाट कार्यक्रम र बजेट उपलब्ध हुनेछ। |
| | न्युनतम् भौतिक पूर्वाधारसहित आफ्नै कार्यालय भवन भएका कार्यालय<br>(गाविस भवनहरु सहित ८१ वटा सरकारी भवनहरु भूकम्पका कारण पूर्ननिर्माण गर्नुपर्ने छ ) | संख्या | ८१ | ९० | | |
| | क्षमता विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्ने स्थानीय निकाय | संख्या | १ | ३० | | |
| | संगठन विकास अध्ययनअनुसार संरचना स्विकृत भई लागू गर्ने स्थानीय निकाय | संख्या | १ | ३० | | |
| | न्यूनतमशर्त पूरा गरी प्राप्त कार्यसम्पादन मापन स्कोर (जिविस) | अंक | ६३ | ८१ | | |
| | न्यूनतमशर्त पुरा गरी उत्कृष्ट कार्य सम्पादन गर्ने गाविस/नपा | संख्या | ४६ | ५३ | | |
| | क्षमता विकास कार्यक्रमबबाट लाभान्वित | जना | ३०० | १००० | | |
| **प्रतिफल १.१:**<br>जिल्ला, स्थानीय तहका निकाय र सेवा केन्द्रमा भौतिक सुविधा र कार्यवातावरणमा अभिवृद्धि | ईन्टरनेट सुविधा उपलब्ध गाविस र सेवा केन्द्र तथा श्रोत केन्द्र | संख्या | २० | ८० | • आजिवियो बार्षिक समीक्षा प्रतिवेदन<br>• न्यूशकास मूल्याङ्कन प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन<br>• नेपाल टेलिकम तथा विषयगत | • केन्द्र, स्थानीय र विकास साभेदार निकायका लगानी बृद्धि हुनेछ।<br>• दूरसञ्चार तथा ईन्टरनेट सेवाको प्रभावकारिता बृद्धि हुनेछ। |
| | आफ्नै वेवसाइट भई नियमित अद्यावधिक गर्ने स्थानीय निकाय र कार्यालय (जि.वि.स, न.पा. ३, | संख्या | ७ | ५० | | |

| योजना सारांश | सूचक | | | | पुष्ट्याईका आधारहरु | पूर्वानुमान |
|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | आ.व.०७४।०७५ सम्म | | | |
| | | | आधारवर्ष (२०७१/७२) | लक्ष्य (०७४/७५) | | |
| भएको हुनेछ। | को.ले.नि.का. र जिल्ला निर्वाचन, शिक्षा) | | | | कार्यालयको प्रतिवेदन | ● विद्युत सुविधा विस्तार हुनेछ। |
| **प्रतिफल १.२:**सेवा प्रदायक निकायमा मानव संशाधन व्यवस्थापन तथा दक्षता र सेवाग्राही लक्षित वर्गको क्षमता विकास भएको हुनेछ। | आवश्यक र दरबन्दीअनुसार गाविस, सेवा केन्द्र, कार्यालय र संघ/संस्थामा कार्यरत मानव संसाधन | प्रतिशत | २० | ६० | ● आजिवियो बार्षिक समीक्षा प्रतिवेदन<br>● न्यूशकास मूल्याङ्कन प्रतिवेदन<br>● अध्ययन र सर्वेक्षण प्रतिवेदन<br>● विषयगत कार्यालयको प्रतिवेदन | ● केन्द्र, स्थानीय र विकास साभेदार निकायका लगानी बृद्धि हुनेछ<br>● क्षमता विकास योजना तर्जुमा र कार्यान्वयन हुनेछ।<br>● विकास साझेदार र गैससको सहयोगमा बृद्धि हुनेछ। |
| | कम्प्युटरमाआधारित अभिलेख प्रणाली र सूचना प्रविधिमा आधारित भई सेवा प्रदान गर्ने गाविस र कार्यालय | संख्या | २० | ६२ | | |
| | विषयगत तालिम लिई दक्षता तथा सीप अभिबृद्धि भएका कर्मचारी र पदाधिकारी | प्रतिशत | ५० | ७५ | | |
| **असर २:**<br>विकास प्रक्रियामा स्रोत परिचालन दक्ष, पारदर्शी र प्रभावकारी भएको हुनेछ। | विभिन्न श्रोतबाट जिल्लामा संकलन हुने राजस्व रकम (रु.) | हजार | १२,२७००००० | २३,००००००० | ● आजिवियो मद्यावधि तथा बार्षिक समीक्षा प्रतिवेदन<br>● विषयगत निकाय बार्षिक प्रतिवेदन<br>● स्थानीय निकायको आर्थिक प्रतिवेदन<br>● न्यूशकास मूल्याङ्कन र अध्ययन प्रतिवेदन | ● ऐन नीति नियम निर्देशिकाको समय सापेक्ष परिमार्जन र पालना बृद्धि हुनेछ।<br>● राजनीतिक दलबीच सहमति र सहयोग बृद्धि हुनेछ।<br>● राजश्व सुधार कार्य योजना लागू हुनेछ। |
| | कुल बजेटमा स्थानीय आयको योगदान (राजश्व बाँडफाँडसहित) | प्रतिशत | १५% | २२% | | |
| | कुल बजेटमा केन्द्रीय स्रोतको योगदान | प्रतिशत | ८५% | ७८% | | |
| | कुल बजेटमा गैसस र विकास साझेदारको योगदान | प्रतिशत | ७.५% | ११.५% | | |
| | जिविसको आन्तरिक आयको वृद्धिदर | प्रतिशत | ५०% | १००% | | |
| | बार्षिक बेरुजु फछ्यौंट दर | प्रतिशत | ५५% | ८०% | | |
| **प्रतिफल २.१:**<br>स्थानीय विकासका सरोकारवालाको स्रोत तथा स्रोत परिचालन क्षमता अभिबृद्धि भएको हुनेछ। | आन्तरिक आयको अध्ययन गरी आय प्रक्षेपण तथा राजस्व प्रसाशन सुधार गर्ने स्थानीय निकाय | संख्या | ५ | ३२ | ● आजिवियो बार्षिक समीक्षा प्रतिवेदन<br>● स्थानीय निकाको आर्थिक प्रतिवेदन<br>● राजश्व अध्ययन प्रतिवेदन<br>● कोलेनिका प्रतिवेदन | ● आन्तरिक आय परिचालन वातावरण अनुकुल हुनेछ।<br>● ऐन, नीति नियम र निर्देशिकाको समय सापेक्ष परिमार्जन हुनेछ। |
| | प्रक्षेपण अनुसार आय असुली | प्रतिशत | १००% | १००% | | |
| | आन्तरिक आय परिचालन तथा राजस्व प्रशासनसम्बन्धी तालिम प्राप्त कर्मचारी र पदाधिकारी | संख्या | २ | ३० | | |
| **प्रतिफल २.२:**<br>स्रोत परिचालन प्रक्रिया पारदर्शी र व्यवस्थित भएको हुनेछ। | स्वीकृत बजेट तथा खर्चको नियमित सार्वजनिक गर्ने (वेबसाइट, सचार माध्यम, सूचनापाटी, अन्तरक्रिया)<br>- स्थानीय निकाय<br>- विषयगत कार्यालय<br>- गैसस | संख्या | <br><br><br>५<br>२५<br>५ | <br><br><br>३२<br>३५<br>१८ | ● आजिवियो मद्यावधि र बार्षिक समीक्षा प्रतिवेदन<br>● स्थानीय निकायको आर्थिक प्रतिवेदन<br>● अध्ययन तथा सर्वेक्षण प्रतिवेदन | ● ऐन, नीति, नियम निर्देशिकाको समय सापेक्ष परिमार्जन हुनेछ।<br>● जिल्ला विकास प्रयासमा नीजि र समुदायको लगानी बृद्धि हुनेछ। |
| | जिल्ला विकास प्रक्रिया सक्रिय सहभागि गैसस/अगैसस | संख्या | २८ | ३५ | | |

| योजना सारांश | सूचक | | | | पुष्ट्याईका आधारहरु | पूर्वानुमान |
|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | आ.व.०७४।०७५ सम्म | | | |
| | | | आधारवर्ष (२०७१/७२) | लक्ष्य (०७४/७५) | | |
| | श्रोत परिचालनसंबन्धी गुनासो र सुनुवाई | संख्या | ३७ | १५ | | |
| **असर ३:** योजना तथा बजेट तर्जुमा, कार्यान्वयन, अनुगमनसमावेशी, नतिजामूलक र प्रभावकारी भएको हुनेछ। | रणनीतिक योजना तर्जुमा भएका विषय क्षेत्रहरू | संख्या | १६ | ३३ | • आजिवियो मध्यावधि तथा बार्षिक समीक्षा प्रतिवेदन<br>• पालना अनुगमन सम्बन्धी प्रतिवेदन<br>• स्थानीय निकायको आर्थिक प्रतिवेदन<br>• रणनीतिक योजना दस्तावेजहरु | • ऐन, नीति नियम र निर्देशिकाको समय सापेक्ष परिमार्जन तथा पालनामा बृद्धि हुनेछ।<br>• राजनीतिक दल बीच सहमति तथा सहयोग बृद्धि हुनेछ। |
| | कार्यतालिकाअनुसार कार्यक्रम संचालन गर्ने स्थानीय निकाय/विषयगत कार्यालय | संख्या | ८० | ९० | | |
| | तेस्रो पक्षबाट अनुगमन भएका आयोजना तथा कार्यक्रम | संख्या | ०६ | २० | | |
| | गाउँविकास योजनामा वनामं र नासकेले माग गरेको आयोजना तथा कार्यक्रममा बजेट विनियोजन | प्रतिशत | ८० | ९० | | |
| | गाउँविकास योजनामा सिविओले माग गरेको आयोजना तथा कार्यक्रममा बजेट विनियोजन | प्रतिशत | २० | ३० | | |
| **प्रतिफल ३.१:** योजनातथा बजेट तर्जुमा समावेशी र नतिजामा आधारित भएको हुनेछ। | सहभागितामूलक योजना तर्जुमा प्रक्रियाबाट स्विकृत कूल आयोजना मध्ये सिवियोबाट माग भई आएका आयोजना | प्रतिशत | ८० | ९० | • आजिवियो बार्षिक समीक्षा प्रतिवेदन<br>• विषयगत निकाय बार्षिक प्रतिवदेन<br>• न्यूशकास मूल्याङ्कन प्रतिवेदन<br>• संमास्थाविमको प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन | • उपलब्ध नीति, नियम र निर्देशिका परिपालना हुनेछ।<br>• गैसस तथा साझेदार र स्थानीय निकाय विच सहकार्य बृद्धि हुनेछ ।<br>• राजनीतिक दल बीच सहमति तथा सहयोग बृद्धि हुनेछ। |
| | सहभागितामूलक योजना र बजेट तर्जुमा प्रक्रियामा सहभागि सरोकारवाला तथा नागरिक संस्था | संख्या | १५०००.०० | २५००० | | |
| | सहभागितामूलक योजना तथा बजेट तर्जुमा प्रक्रियामा सहभागि गैसस तथा विकास साझेदार | संख्या | २८ | ३५ | | |
| | सहभागितामूलक योजना तथा बजेट तर्जुमा प्रक्रियामा महिलाको सहभागिता | प्रतिशत | २० | ३३ | | |
| **प्रतिफल ३.२:** कार्यान्वयन प्रक्रिया दक्ष र नतिजामूलक भएको हुनेछ। | वार्षिक कार्ययोजना तयार गरी स्विकृत गर्ने स्थानीय निकाय | संख्या | ५८ | ५८ | • आजिवियो बार्षिक समीक्षा प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन<br>• अभिलेख, दस्तावेज, मिडिया प्रतिवेदन | • ऐन, नीति नियम र निर्देशिकाको पालना बृद्धि हुनेछ<br>• राजनीतिक दल बीच सहमति तथा सहयोग बृद्धि हुनेछ |
| | वार्षिक कार्ययोजनाको पालना | प्रतिशत | ९०% | ९८% | | |
| | समयमा सम्पन्न हुने आयोजना र कार्यक्रम | प्रतिशत | ८५% | ९५% | | |
| **प्रतिफल ३.३:** नतिजामूलक अनुगमन तथा प्रतिवेदन प्रणाली अनुशरण भएको हुनेछ। | अनुगमन तथा प्रतिवेदन हुने माध्यम | संख्या | ०३ | ३० | • आजिवियो बार्षिक समीक्षा प्रतिवेदन<br>• नअमू ढाचा, योजना प्रतिवेदन<br>• अध्ययन प्रतिवेदन | • ऐन, नीति नियम र निर्देशिकाको पालना बृद्धि हुनेछ।<br>• नअमू र प्रतिवेदन प्रणाली संस्थागत भएको हुनेछ। |
| **असर ४:** स्थानीय विकास तथा निर्णय प्रक्रिया समावेशी, पारदर्शी र जवाफदेही भएको हुनेछ। | गुनासो सुनवाईको प्रभावकारी व्यवस्था भई लागू गर्ने सार्वजनिक निकाय | संख्या | ३० | ६५ | • आजिवियो मध्यावधि तथा बार्षिक समीक्षा प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन<br>• न्यूशकास मूल्याङ्कन रसंमास्थाविमको प्रतिवेदन | • जवाफदेहिता अभिबृद्धि र पालना अनुगमनमा नागरिक समाजका संस्थाको संलग्नता बृद्धि हुनेछ।<br>• ऐन, नीति नियम र निर्देशिकाको |
| | जिल्लामा सुशासनका क्षेत्रमा क्रियाशील नागरिक समाजका संस्था | संख्या | ३ | ५ | | |

| योजना सारांश | सूचक | | | | पुष्ट्याईका आधारहरु | पूर्वानुमान |
|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | आ.व.०७४।०७५ सम्म | | | |
| | | | आधारवर्ष (२०७१/७२) | लक्ष्य (०७४/७५) | | |
| | नियमित सार्वजनिक सुनुवाई आयोजना गरी प्रतिवद्धता कार्यान्वयन गर्ने गाविस | संख्या | ५३ | ५३ | • पालना अनुगमन सम्बन्धी प्रतिवेदन | समय सापेक्ष परिमार्जन र पालना बृद्धि हुनेछ । |
| | सरकारी निकायबाट प्रदान गर्ने सेवा सुविधावाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ६०% | ८०% | | |
| **प्रतिफल ४.१**<br>स्थानीय विकास र शासन प्रक्रियामा नागरिकको संलग्नतामा अभिबृद्धि भएको हुनेछ । | नागरिक एवं नागरिक समाजका संस्था संलग्न रहेका निर्णयहरुको अनुपात | प्रतिशत | ७०% | ८५% | • आजिवियो बार्षिक समीक्षा प्रतिवेदन<br>• सर्वेक्षण प्रतिवेदन<br>• निर्णय दस्तावेजहरु<br>• पालना अनुगमन प्रतिवेदन | • ऐन, नियम, नीति निर्देशिकाको समय सापेक्ष परिमार्जन तथा पालनामा बृद्धि हुनेछ ।<br>• नागरिक समाज र संचार संस्थाहरुको सक्रियता बढ्नेछ । |
| | निर्णय प्रक्रियामा सहभागि नागरिक संस्थाका सदस्यको संलग्नता | प्रतिशत | ७०% | ८५% | | |
| | स्थानीय शासन तथा सामाजिक परिचालनमा क्रियाशिल गैसस र सिवियो | संख्या | ०६ | ०९ | | |
| **प्रतिफल ४.२**<br>स्थानीय सुशासन तथा सेवा प्रवाहको पालना अनुगमनमा अभिबृद्धि भएको हुनेछ । | उपलब्ध ऐन, नियम तथा निर्देशिकाको पालना अनुगमन गरी स्थिति प्रतिवेदन तयार र सार्वजनिक गर्ने निकाय | संख्या | ०० | ३० | • आजिवियो बार्षिक समीक्षा प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन<br>• पालना अनुगमन प्रतिवेदन<br>• मिडिया प्रतिवेदन तथा विवरण | • ऐन, नीति नियम र निर्देशिकाको समय सापेक्ष परिमार्जन तथा पालनामा बृद्धि हुनेछ ।<br>• नागरिक समाज र संचार संस्थाहरुको सक्रियता बढ्नेछ । |
| | सुशासन ऐन अनुसार सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण र सामाजिक परीक्षण गर्ने सार्वजनिक निकाय | संख्या | ४५ | ५० | | |
| | क्षतिपूर्तिमाआधारित नागरिक वडापत्रको व्यवस्था र पालना गर्ने सार्वजनिक निकाय | संख्या | ०३ | ५३ | | |
| **असर ५:**<br>स्थानीय शासन प्रक्रियामा लक्षित वर्ग र समुदायको सबाल मूलप्रवाहीकरण भएको हुनेछ । | आफ्नो अधिकारको लागि आफै आवाज उठाउन सक्ने परिवार | प्रतिशत | २०% | ६५% | • आजिवियो बार्षिक समीक्षा प्रतिवेदन<br>• विपन्नता स्तरीकरण सर्भेक्षण प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन | • ऐन, नीति नियम र निर्देशिकाको समय सापेक्ष परिमार्जन तथा पालनामा बृद्धि हुनेछ ।<br>• लक्षित वर्गको क्षमता अभिबृद्धी हुनेछ |
| | जोखिमयुक्त जीविकोपार्जन कार्यमा निर्भर परिवार | प्रतिशत | १५% | १०% | | |
| | सामुदायिक संस्थामा आवद्ध भएका परिवार | प्रतिशत | ७५% | ८५% | | |
| | सामाजिक रुपमा भेदभावमा परेका परिवार | प्रतिशत | १५% | ०८% | | |
| **प्रतिफल ५.१:**<br>लक्षित वर्ग समुदायको क्षमता विकास र सशक्तिकरण भएको हुनेछ । | सामाजिक परिचालनमा आवद्ध लक्षित वर्गको घरधुरी | प्रतिशत | ७०% | ८५% | • आजिवियो बार्षिक समीक्षा प्रतिवेदन<br>• विपन्नता स्तरीकरण सर्भेक्षण प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन<br>• स्थानिय निकायको वार्षिक प्रतिवेदन | • ऐन, नीति नियम र निर्देशिकाको समय सापेक्ष परिमार्जन तथा पालनामा बृद्धि हुनेछ ।<br>• सामाजिक परिचालन प्रभावकारी हुनेछ । |
| | योजना तथा बजेट तर्जुमा, आयोजना कार्यान्वयन र नागरिक निगरानी र पालना अनुगमनमा तालिम प्राप्त लक्षित वर्गको घरधुरी | संख्या | १५० | २२५ | | |
| | कूल आयोजना तथा कार्यक्रम मध्ये लक्षित वर्गको आयोजना | प्रतिशत | ३५% | ४५% | | |

| योजना सारांश | सूचक | | | | पुष्ट्याईका आधारहरु | पूर्वानुमान |
|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | आ.व.०७४।०७५ सम्म | | | |
| | | | आधारवर्ष (२०७१/७२) | लक्ष्य (०७४/७५) | | |
| **प्रतिफल ५.२:** निर्णय प्रक्रियामा लक्षित वर्ग तथा समुदायको सहभागितामा बृद्धि भएको हुनेछ। | जिल्लास्तरीय समितिहरूमा लक्षित वर्ग/समुदायको प्रतिनिधित्व महिला<br>दलित<br>जनजाति | प्रतिशत | ३३%<br>१५%<br>१५% | ४०%<br>१७%<br>१७% | • आजिवियो बार्षिक समीक्षा प्रतिवेदन<br>• विपन्नता स्तरीकरण सर्भेक्षण प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन<br>• स्थानिय निकायको वार्षिक प्रतिवेदन | • ऐन, नीति नियम र निर्देशिकाको समय सापेक्ष परिमार्जन तथा पालनामा बृद्धि हुनेछ।<br>• पैरवी कार्यमा विकास साझेदार र नागरिक समाजको सहयोग निरन्तर हुनेछ। |
| | सहभागितामुलक योजना तर्जुमा तथा पालना अनुगमन प्रक्रियामा लक्षित वर्ग/समुदायको प्रतिनिधित्व महिला<br>दलित<br>जनजाति | प्रतिशत<br>प्रतिशत<br>प्रतिशत | ३३%<br>१५%<br>१५% | ४०%<br>१७%<br>१७% | | |
| **प्रमुख कार्यक्रम तथा आयोजना** | | | | | | |
| १. | संस्थागत क्षमता विकास कार्यक्रम | बजेट (रु. हजारमा) | | ६२४६६० | • बार्षिक समीक्षा प्रतिवेदन<br>• अध्ययन तथा अनुगमन प्रतिवेदन<br>• प्रकाशित र प्रसारण भएका सामग्रीहरु<br>• सेवाग्राही अभिमत<br>• सेवा प्रवाह तथा सुशासन स्थिति प्रतिवेदन | • केन्द्र, स्थानीय निकाय, विकास साझेदार, नीजि क्षेत्रको सहयोग र सहकार्यमा अभिबृद्धि हुनेछ।<br>• माग तथा आपूर्ती पक्षको क्षमता जवाफदेहितामा अभिवृद्धी हुनेछ। |
| २. | श्रोत परिचालन तथा राजस्व सुधार कार्यक्रम | बजेट (रु. हजारमा) | | ६००० | | |
| ३. | विकास व्यवस्थापन कार्यक्रम | बजेट (रु. हजारमा) | | १३२६० | | |
| ४. | स्थानीय सुशासन प्रवर्धन कार्यक्रम | बजेट (रु. हजारमा) | | ६२४२ | | |
| ५. | सामाजिक सशक्तिकरण कार्यक्रम | बजेट (रु. हजारमा) | | ९१८०० | | |
| **जम्मा** | | बजेट (रु. हजारमा) | | ७४,१९,६२ | | |

# भाग ४

## क्षमता विकास योजनाको अनुगमन तथा मुल्याङ्कन

क्षमता विकास योजनाको क्षमता विकासका क्रियाकलापहरुको तह तथा लक्षित समूह अनुसार बजेट विनियोजनको अवस्था, योजनाका जोखिम पक्षहरु, अनुगमन तथा मुल्याङ्कन विधि तथा प्रक्रिया तथा योजना तर्जुमा प्रक्रियाका सिमितताहरु सम्बन्धि विवरण प्रस्तुत गरिएको छ ।

### ४.१ क्षमता विकास कार्यक्रममा बजेट विनियोजनको स्थिति

जिल्ला विकासका लागि जिल्ला विकास समिति र विकास तथा सेवा प्रवाहका साझेदारहरुको क्षमता विकास क्रियाकलापहरुमा विभिन्न श्रोतहरुबाट विनियोजित बजेट समग्रमा विश्लेषण गर्दा आगामी ५ वर्षका लागि अनुमानित रु. ७४,१९,६२,०००।०० विनियोजन गरिएको देखिन्छ । क्षमता विकास बजेटका श्रोतहरु अनुसार जिल्ला विकास समिति र अन्य विकास साझेदार तथा सरोकारवालाहरुको क्षमता विकास सम्बन्धि क्रियाकलापमा विनियोजित गरिएको छ ।

### ४.२ किल्ला क्षमता विकास योजनाका जोखिम पक्षहरु

जिल्ला क्षमता विकास योजना देशको बदलिँदो राजनीतिक अवस्था र संघीयता कार्यान्वयनको बहश भैरहेको अवस्थामा छ । विकेन्द्रीकरण र स्थानीय स्वशासनको भावना अनुरुप वर्तमान संक्रमणकालिन अवस्थामा तर्जुमा गरिएको क्षमता विकास योजनाको कार्यान्वयन आफैमा चूनौतीपूर्ण छ । यस योजनाले वर्तमान सन्दर्भमा स्थानीय तहमा सेवा प्रवाह र विकास कार्यहरुको व्यवस्थापनमा दक्षता र प्रभावकारिता ल्याउने अपेक्षा गरेको छ । जुन कुरा यस योजनाको सबभन्दा महत्वपूर्ण चूनौती हो । यसका साथै विद्यमान तरल राजनीतिक अवस्था, स्थानीयस्तरमा बढ्दै गएको राजनीतिक शक्तिहरु बीचको दुरी यस योजनाको मुख्य जोखिम पक्षको रुपमा रहेको छ भने र यस योजनाको लागि प्राप्त हुने मुख्य श्रोत संघीय मामिला तथा स्था.वि.म., जिल्लाका विकास साझेदार र दातृ निकायमा निर्भर रहेको छ । जुन यस योजनाको अर्को जोखिम पक्षको रुपमा रहेको छ । अन्त्यमा यस योजनाको कार्यान्वयनको मुख्य जिम्मेवारी स्थानीय निकाय हो र जुन हाल नागरिक प्रशासनबाट सञ्चालित छ र देशको राजनीतिक क्षेत्र तथा नागरिक प्रशासनमा मौलाउँदै गएको दण्डहिनता र आर्थिक अनियमितता यस योजनाको अहम् सबालको रुपमा रहेको छ ।

### ४.३ क्षमता विकास योजनाको अनुगमन तथा मुल्याङ्कन

यस योजनाको नियमित अनुगमनको कार्य जिल्ला क्षमता विकास समन्वय समिति, जिल्ला विकास समिति र जिल्लास्तरीय सर्वपक्षिय अनुगमन संयन्त्रको हुनेछ । स्थलगत निरिक्षण, सहभागितात्मक अनुगमन, चौमासिक प्रगति प्रतिवेदन, लक्षित तथा लाभन्वित वर्गको पृष्ठपोषण, घटना अध्ययन र अर्धबार्षिक समीक्षा जस्ता विधिहरुबाट योजनाको प्रगति स्थितिको अनुगमन गरिनेछ । यसका साथै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय लगायत सो अन्तर्गतका कार्यक्रम समन्वय इकाई, क्लष्टर समन्वय इकाई, जिल्ला क्षमता विकास समन्वय समिति, जि.वि.स. महासंघबाट पनि योजना कार्यान्वयनको दौरानमा नियमित अनुगमन गरी पृष्ठपोषण प्रदान गरिनेछ । यसको साथै यस योजनाको अर्धबार्षिक र बार्षिक रुपमा समीक्षा गरी प्रतिवेदन तयार गर्ने र समीक्षालाई आधार मानी योजनाको बार्षिक रुपमा अद्यावधिक गरिनेछ । स्थानीय निकायका जवाफदेहि संयन्त्र, सेवा प्रदायक तथा दातृ निकायले पनि प्रत्यक्ष तथा परोक्ष रुपमा यसको अनुगमन गर्नेछन् । योजना अवधि समाप्त हुनासाथ यस योजनाको प्रभावबारे विषयविज्ञद्वारा मुल्याङ्कन गरी प्रतिवेदन जिल्ला विकास समिति तथा संघिय मा़िला तथा स्थानीय विकास मन्त्रालयमा पेश गर्ने तथा सञ्चार माध्यमद्वारा सार्वजनिक समेत गरिनेछ । क्षमता विकास योजनाको तर्कयुक्त योजना खाँका (Logframe) यस योजना दस्तावेजको अघिल्लो भागमा प्रस्तुत गरिएको छ ।

## ४.४ क्षमता विकास योजना तर्जुमा विधिका सिमितता

स्थानीय राजनीतिक संयन्त्रका प्रतिनिधिहरु समेत जिल्ला विकास समिति, शाखा प्रमुख लगायत अन्य कर्मचारी तथा विकास तथा सेवा प्रवाहसँग संबद्ध अन्य सरोकारवालाहरुको प्रत्यक्ष सहभागितामा क्षमता विकास योजनाको तर्जुमा गरिएता पनि छोटो समय, सिमित श्रोत साधन र साभेदारहरुको प्रतिनिधिमूलक सहभागिताबाट योजना तर्जुमा गरिएको छ । योजना तर्जुमा कार्यमा बाह्य सेवा प्रदायकद्धारा सहजिकरण तथा दस्तावेजीकरण गरिएको भएता पनि सिमित समयका कारण सरोकारवालाहरु बीच प्रशस्त छलफल तथा अन्तरक्रिया कमी रहेको छ । यसका साथै क्षमता विकास योजना मागमा आधारित नभएर आपूर्तिमा आधारित प्याकेजको रुपमा आएको हुँदा स्थानीय निकाय विशेष गरी जिल्ला विकास समिति तथा दलीय संयन्त्रको प्रर्याप्त ध्यान र अपनत्व आर्जनमा कमी रहेको अवस्था छ। क्षमता विकास योजना समयको मागको रुपमा आएता पनि बढी मात्रामा संघयि मामिला तथा स्थानीय विकास मन्त्रालय, जिल्ला विकास समिति तथा दातृ निकायद्धारा निर्देशित रहेको छ । यसका साथै योजना तर्जुमा प्रक्रिया तलबाट माथि जाने नभएर बढी निर्देशित जस्तो देखिएको छ । तथापी जिल्ला विकास समिति स्याङ्जाको सन्दर्भमा सार्वजनिक सेवा विकास प्रवाह र साभ्ेदारहरुको काम गर्ने शैली र सोचमा सकारात्मक वातावरणका लागि यो योजना एक कोशे ढुंगा स्थापित हुन सक्ने देखिन्छ।

# भाग : ५

# अनुसूचीहरु

**अनुसूची १: क्षमता विकास योजना तर्जुमा कार्यक्रम तालिका**

| चरणहरु | प्रस्तावित क्रियाकलापहरु | विधि/प्रक्रिया | समय |
|---|---|---|---|
| **प्रथम चरण तयारी चरण** | क्षमता विकास समितिको योजना तर्जुमा तयारी बैठक तथा क्षमता विकास योजना तर्जुमा सम्बन्धि निर्णय | सहभागितामूलक छलफल | १ हप्ता |
| | क्षमता विकासको रणनीति, क्षमता विकासका साझेदारहरु, योजना तर्जुमा प्रक्रिया र क्षमता विकास बजेटका संभाव्य श्रोतहरुबारे अभिमुखीकरण | प्रस्तुतिकरण तथा सहभागितात्मक छलफल | |
| **दोश्रो चरण: क्षमता लेखाजोखा तथा विश्लेषण** | सरोकारवालाहरु तथा भूमिका विश्लेषण | सहभागितामूलक छलफल | १ हप्ता |
| | क्षमता विकाससँग सूचना संकलन तथा विश्लेषण | अन्तरवार्ता,समूह छलफल | |
| | क्षमता विकास रणनीति, कार्यविधि, दस्तावेजहरु अध्ययन र विश्लेषण | सहभागितामूलक छलफल | |
| | जिविसको न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको मुल्याङ्कन प्रतिवेदन अध्ययन तथा विश्लेषण | सहभागितामूलक छलफल | |
| | उपभोक्ता समिति, गैसस र अन्य सिविओको क्षमता लेखाजोखा (क्षमताको विद्यमान स्थिति, फरक तथा आवश्यकता) | समूहगत छलफल तथा कार्यशाला | १ हप्ता |
| | गा.विस, वडा तथा राजनीतिक संयन्त्रको क्षमता लेखाजोखा (क्षमताको विद्यमान स्थिति, फरक तथा आवश्यकता) | समूहगत छलफल तथा कार्यशाला | |
| **तेश्रो चरण योजना तर्जुमा** | क्षमता विकास योजना तर्जुमा कार्यशाला | | |
| | क्षमता विकासको लक्ष्य, उद्देश्य, रणनीति तथा अपेक्षित प्रतिफल उपर छलफल तथा तर्जुमा | सहभागितामूलक छलफल | १ हप्ता |
| | क्षमता विकासका विभिन्न श्रोतहरुबाट उपलब्ध हुने र हुन सक्ने बजेटको अनुमान | समूहगत तथा बृहत समूह छलफल | |
| | उपभोक्ता समिति, अन्य सिविओ र गैससहरुको क्षमता विकास क्रियाकलाप पहिचान तथा प्राथमिकीकरण | समूहगत तथा बृहत समूह छलफल | |
| | जि.वि.स., गा.विस, वडा र राजनीतिक संयन्त्रको क्षमता विकास क्रियाकलाप पहिचान तथा प्राथमिकीकरण | समूहगत तथा बृहत समूह छलफल | |
| | क्षमता विकास क्रियाकलापहरुको वर्गीकरण र श्रोत विनियोजन | सहभागितामूलक छलफल | |
| | कार्ययोजना तयारी तथा प्रस्तुतिकरण | प्रस्तुतिकरण / छलफल | |
| **चौथो चरण दस्तावेज र स्विकृति** | क्षमता विकास योजना दस्तावेज तयारी | क्षमता विकास योजना दस्तावेज तयारी | १ हप्ता |
| | क्षमता विकास योजना बारे जानकारी | क्षमता विकास योजना बारे जानकारी | |

## अनुसूची २: सार्वजनिक सेवा प्रदायक तथा सेवाग्राहीहरुको क्षमताको विद्यमान उपक्षेत्र, मुल समस्या, कारण, असर, सम्भावना तथा अवसरहरु र रणनीतिहरुको विवरण :

| क्षमता विकासका उपक्षेत्रहरु | वर्तमान क्षमता स्थिति तथा मुल समस्या | कारणहरु | असरहरु | सम्भावना तथा अवसरहरु | रणनीति |
|---|---|---|---|---|---|
| **क. संस्थागत क्षमता विकास** | | | | | |
| | • **सेवा प्रदायक तथा सेवाग्राहीको क्षमता, कार्य सम्पादन र जवाफदेहिता तथा सेवा सुविधाको उपलब्धता, गुणस्तर र उपयोगमा कमी हुनु ।** | • सार्वजनिक सेवा तथा सुविधामा लक्षित वर्ग तथा क्षेत्रको पहुँच र उपयोगमा कमी ।<br>• स्थानीय निकायमा लामो समयसम्म निर्वाचित जनप्रतिनिधि नहुनु ।<br>• सरकारी र गैससमा कार्यरत कर्मचारी, राजनीतिक प्रतिनिधि र सेवाग्राहीमा जवाफेहितामा कमी ।<br>• विकास साझेदारबाट प्राप्त हुन सक्ने स्रोतमा जिल्लाको पहुँच पुग्न नसक्नु ।<br>• सबै समस्या सम्बोधनकालागि केन्द्रमा भरपर्नु ।<br>• सरकारी र नीजि क्षेत्र बीच समन्वय र साझेदारीमा कमी ।<br>• जिल्ला विकासको समष्टिगत स्थितिको विषयगत रुपमा एकीकृत, लैंगिक र सामाजिक रुपमा खण्डीकृत अद्यावधिक तथ्याङ्कको कमी तथा तथ्याङ्क व्यवस्थापन प्रणाली नहुनु ।<br>• अन्तरसंबन्धित विषयहरू जस्तैः पर्यटन, संस्कृति, सामाजिक जागरण, हरियाली तथा वातावरण व्यवस्थापन, रोजगारी, संस्थागत विकास तथा सुशासनजस्ता विषयको | • आमजनताको सेवा र सुविधा पहुँचमा कमी ।<br>• सेवा प्रदायक र सेवाग्राहीमा जिम्मेवारी, अपनत्व र जवाफदेहीताको कमी ।<br>• विपन्नता, बेरोजगारी एवं जोखिममा बृद्धि ।<br>• दक्ष व्यक्तिहरू विदेश पलायन हुनु ।<br>• जनतामा निराशा उत्पन्न हुनु । | • विषयगत मानव संशाधन स्थानीयस्तरमा कार्यरत रहनु ।<br>• भौतिक साधन, सूचना तथा सञ्चार प्रविधि विकास र विस्तार हुनु ।<br>• सरकारी, गैरसरकारी, निजी, पेशागत संस्था/कार्यालयको उपस्थिति, कार्य संयन्त्र, स्रोत, संरचना र प्रतिवद्धता उपलब्ध हुनु ।<br>• विकास व्यवस्थापन, सेवा प्रवाह र समावेशीकरण सम्बन्धी सान्दर्भिक ऐन, नियम, निर्देशिका र कार्यविधि (सुशासन, सेवा प्रवाह र योजना व्यवस्थापन आदी) कार्यान्वयनमा रहनु ।<br>• संस्थागत क्षमता विकासमा सरकार, विकास साझेदार तथा सहयोगी संस्थाहरुको निरन्तर सहयोग रहनु ।<br>• क्षमता विकास कार्यक्रमका लागि सेवा प्रदायक उपलब्ध हुनु ।<br>• कार्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको उपयोग बढ्दै जानु ।<br>• धेरैजसो विषयगत कार्यालयहरुको ग्रामीण तहसम्मको संरचना र संजाल उपलब्ध हुनु ।<br>• स्थानीयस्तरमा अभिमुखीकरण, तालिम, भ्रमण सञ्चालन हुनु ।<br>• सरकारी निकाय र संघ संस्था, निजि क्षेत्रहरुबीच सहकार्य र | • उपलब्ध नीति, नियम, निर्देशिकाका बारेमा सेवाग्राहीलाई जानकारी दिने तथा पालना अनुगमनको व्यवस्था गरिनेछ ।<br>• समसामयिक क्षमता विकासका कार्यहरु नियमित रुपमा सञ्चालन गर्ने र सो कार्यमा सरोकारवाला निकायलाई परिचालन गरिनेछ ।<br>• विषयगत निकायको नेतृत्वमा सम्बन्धित क्षेत्रमा कार्यरत निकाय र संघ/संस्थाहरुबीच मासिक बैठक गरी जिविसको नेतृत्वमा हुने बैठकमा छलफलका लागि पेश गर्ने प्रणाली संस्थागत गरिनेछ ।<br>• संस्थागत क्षमता र मानव विकास संशाधनमा जोड दिइनेछ ।<br>• सूचना र सञ्चार प्रविधिमा आधरित सेवा प्रवाह प्रणाली लागू गरिनेछ ।<br>• विकाससँग सम्बन्धित आधारभूत सूचना तथा तथ्याङ्कहरुलाई एकीकृत गर्ने तथ्याङ्क व्यवस्थापन गरिनेछ ।<br>• तालिम तथा पुनर्ताजगीको व्यवस्था गरिनेछ ।<br>• स्थानीय शासन तथा विकास प्रक्रियामा युवाको संलग्नता अभिबृद्धि गरी परिचालन गरिनेछ ।<br>• सरकारी कार्यालयहरुमा दरबन्दी अनुसार मानव संशाधन, भौतिक सुविधा, सीपमा अभिबृद्धि गराउनका लागि पहल गरिनेछ ।<br>• अनुदान तथा नतिजामूलक कार्यसम्पादनमा वृत्ती विकास |

| | | | | | |
|---|---|---|---|---|---|
| | | तथ्याङ्क उपलब्धतामा कमी ।<br>• जिल्ला विकासका अग्रणी तथा प्राथमिकताका क्षेत्रहरुको उपयुक्त नीति, योजना र नतिजामुखी कार्यक्रममा कमी ।<br>• आयोजना सञ्चालन गर्दा मानव स्वास्थ्य र वातावरणमा ध्यान कम जानु ।<br>• स्थानीय शासन र निर्णय प्रक्रिया समावेशी, पारदर्शी र नतिजामूलक नहुनु ।<br>• सेवा प्रदायक तथा सेवाग्राहीमा जिम्मेवारी र जवाफदेहिताको कमी तथा अनियमिततामा बृद्धि ।<br>• लक्षित वर्ग, समुदाय तथा क्षेत्रको आधारभूत अधिकार तथा सेवा सुविधाको उपयोगबाट अझै बञ्चित हुनु ।<br>• निर्णय प्रक्रिया, संरचना तथा सेवा प्रवाह समावेशी तथा लक्षित वर्गमुखी नहुनु । | | साझेदारीमा अभिबृद्धि हुनु ।<br>जिल्लामा रहेका सरकारी कार्यालयहरुमा नागरिक वडापत्रको व्यवस्था र केही कार्यालयमा क्षतिपुर्ति सहितको नागरिक वडापत्र लागु हुनु । | प्रणालीको अभ्यास गरिनेछ ।<br>लेखा प्रणाली व्यवस्थित र लेखा परीक्षण प्रतिवेदन सार्वजनिक गरी कार्यान्वयन गरिनेछ । |
| **ख. श्रोत परिचालन :** | | | | | |
| | | • आन्तरिक स्रोत र साधनको उचीत उपयोग र परिचालन हुन नसकेको ।<br>• स्थानीय निकायको आन्तरिक आय संकलन र परिचालनमा कमी ।<br>• स्थानीय निकाय, गैसस र समुदायको श्रोत परिचालन क्षमतामा कमी ।<br>• केन्द्रवाट निर्देशित | • केन्द्र र परनिर्भरता बढ्दै जानु<br>• कार्यक्रममा दोहोरोपना र लागतमा वृद्धि हुनु ।<br>• विकास लगानीबाट अपेक्षित उपलब्धी प्राप्त नहुनु ।<br>• कार्यक्रम तथा आयोजना दीगो हुन नसक्नु । | • स्थानीय निकायमा राजस्व र आलेप शाखाको संस्थागत विकास र सुदृढीकरण हुनु ।<br>• जिल्लामा कृषियोग्य जमीन जलस्रोत तथा वनको प्रचुरता हुनु ।<br>• जिल्लाबाट कृषि तथा पशुजन्य उपजहरुको खरिद विक्री तथा निकासी हुनु ।<br>• राजस्व परिचालनमा सार्वजनिक | • जिविस, नगरपालिका र गाविसको राजस्व अध्ययन र सुधार कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>• स्थानीय निकायको आन्तरिक आय (कर, शुल्क, दस्तुर तथा राजस्व बाँडफाँड) को क्षेत्र फराकिलो पारी समयानुकुल आयमा वृद्धि गर्दै लगिनेछ ।<br>• स्थानीय निकायको स्वामित्वमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कार्यक्रमबाट स्थानीय माग सम्बोधन गर्न कठिनाई । <br>• राजस्व संकलन, अन्तरनिकाय बाँडफाँड र परिचालनमा कानूनी तथा नीतिगत अड्चन र झन्झट हुनु । <br>• स्रोतको परिचालनबारे सम्बन्धित निकाय र आमजनतामा जानकारी तथा चासोमा कमी । <br>• स्विकृत आयोजना तथा कार्यक्रममा बजेट समयमा निकासा नहुनु तथा स्विकृत रकम भन्दा कम रकम निकासा हुनु । <br>• उपलब्ध स्रोत साधनहरुको अधिकतम परिचालन तथा प्रभावकारी उपयोगमा कमी । <br>• स्थानीय निकायको आयका क्षेत्र तथा संकलन दर (कर, दस्तुर तथा शुल्क) प्रणाली वैज्ञानीक हुन नसक्नु <br>• कर, दस्तुर तथा शुल्कका दरहरु समयानुकुल परिमार्जन नहुनु । <br>• कर दण्ड होइन दायित्व हो भन्ने कुरा आमजनतामा स्पष्ट नहुनु र सार्वजनिक निकायको काम कारवाहीमा जनविश्वासको कमी हुनु । <br>• जिल्लाका जग्गा जमिनहरुको सरकारी दररेट खरिद बिक्री दर भन्दा धेरै न्यून हुनु । | | निजी साझेदारीको अभ्यासमा वृद्धि हुनु । <br>• विकास साझेदार र गैससको सहयोगमा वृद्धि हुनु <br>• जिल्लाका नदी तथा खोलाहरुबाट ढुङ्गा, गिट्टी, बालुबाको बिक्री तथा निकासी हुनु । <br>• प्राकृतिक, धार्मीक, साँस्कृतिक, पर्या-पर्यटन ( पञ्चासे जंगल सफारी, पिकनीक, ऱ्याफ्टिङ, होमस्टे, बन्जीजम्प प्याराग्लाडिङ्ग जस्ता साहसीक खेल) अध्याधिक हुनु । <br>• जिल्लामा कृषि, पशुजन्य, खानीजन्य कच्चा पदार्थहरु उपलब्ध हुनु । <br>• केन्द्रिय निकायबाट नियमित अनुदान (सशर्त तथा निशर्त) प्राप्त हुनु । <br>• नीजि तथा साझेदार संघसंस्थाको सहयोगमा एक क्षेत्र एक उत्पादनको कार्यक्रममा जोड दिइनु । | रहेका सडकहरुबाट सवारी कर संकलनको व्यवस्था गरिनेछ । <br>• IEE / EIA अध्ययनको आधारमा व्यवस्थित ठेक्का प्रणाली लागु गरी खानीजन्य वस्तुको बिक्री तथा निकासी गर्ने व्यवस्था मिलाइनेछ । <br>• सार्वजनिक स्वामित्वमा रहेको र स्वामित्वमा ल्याउन सकिने अचल सम्पत्तीलाई परिचालन गरी आम्दानी संकलन गरिनेछ । <br>• पर्यटन क्षेत्रहरु व्यवस्थित गरी आय संकलनमा जोड दिइनेछ । <br>• राजस्व शाखा र आलेप शाखाको संस्थागत विकास गरी राजस्व वृद्धिलाई मुख्य आधार बनाइनेछ । <br>• निजी तथा गैरसरकारी क्षेत्रसँग साझेदारीका लागि पहल गरिनेछ । <br>• सरकारी तथा प्रति जग्गाहरुको पहिचान तथा संरक्षण गरी आयवृद्धिका क्षेत्रमा उपयोग गरिनेछ । |
| **ग. विकास व्यवस्थापन :** | | | | | |
| | | • आयोजनाहरुको अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण | • आयोजनाको दीगो सञ्चालन र व्यवस्थापन नहुनु । | • जिल्ला वस्तुगत विवरण, श्रोत नक्शा अद्यावधिक हुनु । | • वस्तुस्थिति विश्लेषण, योजना तर्जुमा, कार्यान्वयन र नतिजामूलक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | नतिजामूलक र प्रभावकारी नहुनु ।<br>• जिल्ला विकासका अग्रणी तथा प्राथमिकताका क्षेत्र सम्बन्धी उपयुक्त नीति, योजना र नतिजामुखी कार्यक्रम समेत तर्जुमा नहुनु ।<br>• जिल्ला विकासका बार्षिक, रणनीतिक/विषयगत गुरुयोजनाको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको अवस्था फितलो हुनु ।<br>• योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन सूचनामा आधारित तथा नतिजामूलक नहुनु ।<br>• जिल्लाको एकीकृत र वहुविषयगत आवधिक योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन समयमा हुन नसक्नु ।<br>• जिल्लाको विकासको समष्टिगत स्थितिको विषयगत रुपमा एकीकृत, लैंगिक तथा सामाजिक रुपमा खण्डीकृत अद्यावधिक तथ्याङ्कको कमी तथा अद्यावधिक हुन नसक्नु ।<br>• अन्तरसम्बन्धित विषयहरू जस्तैः पर्यटन, संस्कृति, सामाजिक जागरण, हरियाली तथा वातावरण व्यवस्थापन, रोजगारी, संस्थागत विकास तथा सुशासन जस्ता विषयको तथ्याङ्क उपलब्धतामा कमी ।<br>• विकास प्रक्रियामा | • तथ्याङ्कको कमीको कारण नतिजामा आधारित योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन प्रणाली लागू हुन नसक्नु ।<br>• सेवाग्राहीमा अपनत्वमा कमी<br>• दीर्घकालीन महत्वका आयोजनाहरु छनौट र कार्यान्वयन हुन नसक्नु ।<br>• कार्यसम्पादनमा ढिलासुस्ती तथा संस्थागत अभिलेख व्यवस्थित नहुनु ।<br>• आयोजना समयमा सम्पन्न नहुनु तथा गुणस्तर कमजोर हुनु ।<br>• कार्यक्रममा दोहोरोपना र लागतमा वृद्धि हुनु ।<br>• विकासको प्रतिफलको वितरण असमान हुनु । | • जिल्ला यातायात गुरुयोजना, क्षमता विकास योजना, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, पर्यटन विकास गुरुयोजना लगायतको विषयगत गुरुयोजना तर्जुमा भई कार्यान्वयनमा रहनु ।<br>• विकास व्यवस्थापन र सेवा प्रवाह सम्बन्धी सान्दर्भिक ऐन, नियम, निर्देशिका र कार्यविधि (सुशासन, सेवा प्रवाह र योजना व्यवस्थापन आदी) को उपलब्धता र पालना अनुगमनको व्यवस्था हुनु ।<br>• सूचना तथा सञ्चार प्रविधि र सोमा आधारित सूचना र कार्यसम्पादन प्रणालीको व्यवस्था हुनु ।<br>• योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका विभिन्न चरणमा नागरिक संलग्नताको अभ्यास भईरहनु ।<br>• आयोजना, कार्यक्रमउपभोक्ता तथा समुदायको सहभागितामा सञ्चालन गर्ने कानूनी, नीतिगत तथा प्रक्रियागत व्यवस्था हुनु ।<br>• जिविसको नेतृत्वमा विषयगत कार्यालय, गैसस र परियोजनाको सार्वजनिक सुनुवाई, समाजिक परिक्षण, सार्वजनिक परीक्षण, चौमासिक र बार्षिक समीक्षाको व्यवस्था र अभ्यास हुनु । | अनुगमन तथा प्रतिवेदन प्रक्रियामा सामुदायिक संस्था, गैसस र सञ्चार माध्यमहरुको सहभागिता बृद्धि गरिनेछ ।<br>• आवधिक जिल्ला विकास योजना र विषयगत गुरुयोजनामा आधारित भई वार्षिक योजना तर्जुमा गरिनेछ ।<br>• जिल्लाको भू-उपयोग नीति तथा भौतिक विकास योजना तर्जुमा गरिनेछ ।<br>• गाविसका वडा स्तरसम्म महिला, दलित, जनजाति समन्वय समिती गठन गरी परिचालन गरिनेछ ।<br>• विद्यमान ऐन, नियम, कार्यविधि र निर्देशिकाको पालना अनगुमन गरी सार्वजनिक गरिनेछ ।<br>• उपभोक्ताहरुको लागत तथा प्रत्यक्ष सहभागिता र निगरानीमा योजना कार्यान्वयन गरिनेछ ।<br>• नतिजामा आधारित अनुगमन तथा उपलब्धी मापन प्रणाली अवलम्बन गरिनेछ ।<br>• विभिन्न विषयगत क्षेत्रका योजनाहरुको सम्बन्धित विषयगत कार्यालय तथा जिल्लास्तरमा वार्षिकरुपमा नतिजामूलक समीक्षाको व्यवस्था गरी प्राप्त निचोडलाई आगामी वर्षको कार्यक्रममा सम्बोधन गर्ने व्यवस्था गरिनेछ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | जनसहभागिता र अपनत्व अत्यन्त कमजोर बन्दै जानु तथा सहभागिता औपचारिकता सिमित हुनु ।<br>• योजना तर्जुमा पद्धती समयानुकुल र व्यवस्थित हुन नसक्नु ।<br>• आयोजना छनौट तथा बजेट विनियोजन तथ्यमा आधारित (Evidence Based) नहुनु एवं प्राथमिकताका आधारमा स्रोत विनियोजन नहुनु ।<br>• योजना छनौटमा जनताको अर्थपूर्ण सहभागितामा कमी तथाआयोजना निर्माणपछि स्थानीय जनताको चासोमा कमी ।<br>• आयोजनाका विभिन्न चरणहरुमा समन्वय र सहकार्यमा कमी ।<br>• योजना व्यवस्थापनमा लक्षित वर्गको सहभागिता कमजोर हुनु ।<br>• स्थानीय श्रोत साधन सीपको पहिचान, प्रवर्द्धन र व्यवस्थापनमा कमी ।<br>• विकास कार्यको नतिजा अनुगमन र असर लेखाजोखा हुन नसक्नु ।<br>• योजना तर्जुमामा दीर्घकालीन दृष्टिकोणको कमी ।<br>• आयोजना संचालन गर्दा मानव स्वास्थ्य र वातावरणमा ध्यान कम जानु ।<br>• दीर्घकालीन महत्वका आयोजना तथा कार्यक्रम छनौट र कार्यान्वयन हुन | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | नसक्नु ।<br>• उपलब्ध स्रोत साधन र जनताको अपेक्षा बीच तालमेल नहुनु ।<br>• आवश्यकता र मागका आधार योजना तर्जुमा र बजेट विनियोजन नहुनु ।<br>• जनसहभागितामुलक योजना तर्जुमा तथा कार्यान्वयन हुन नसक्नु ।<br>• सेवा प्रवाहको नियमित र प्रभावकारी अनुगमन, मूल्याङ्कनको कमी हुनु ।<br>• योजना अनुगमनलाई कम महत्व दिने परिपाटी विद्यमान रहनु ।<br>• समयमै रकम निकासा भई आयोजना समयमै शुरु र सम्पन्न नहुनु ।<br>• दातृ संस्थाहरुको सहयोग तथा समन्वयमा कमी रहेको<br>• अनुगमन तथा मूल्याकंन प्रणाली कमजोर रहेको ।<br>• हचुवाको भरमा योजना छनौट गर्ने प्रवृत्तीमा बृद्धि भएको ।<br>• व्यवस्थित सूचना संयन्त्रको विकास भई नसकेको । | | | |
| **घ. स्थानीय सुशासनः** | | | | | |
| | | • पिछडिएको समुदाय तथा क्षेत्रको विकासमा विशेष ध्यान नजानु र ओझेलमा पर्नु ।<br>• सेवाग्राही विशेष गरी पिछडिएको वर्ग र क्षेत्रप्रति सेवा प्रदायक निकायहरुको | • सुशासन र जवाफदेहिता अति न्यून हुनु ।<br>• आयोजना समयमा सम्पन्न नहुनु तथा गुणस्तर कमजोर हुनु ।<br>• स्रोत साधनको अपब्यय हुनु ।<br>• आयोजनाहरुले लक्षित वर्ग र क्षेत्रलाई | • सुशासन र जवाफदेहिता अभिबृद्धिसम्बन्धी नीति, व्यवस्था र औजारहरु उपलब्ध हुनु (सुशासन र सूचनाको हक सम्बन्धी ऐन र नियम, उत्तरदायित्व सम्बन्धी कार्यविधिहरुको कार्यान्वयन रणनीति, सामाजिक परीक्षण, | • सेवाग्राहीको सन्तुष्टी मापन तथा सेवा प्रदायक र सेवाग्राहीहरु बीच हुने बहश कार्यक्रममा विपन्न र पिछडिएको वर्गको सहभागिता सुनिश्चित गरी प्राप्त सिकाईका आधारमा सेवा प्रवाहलाई क्रमशः सुधार गर्दै लगिनेछ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ध्यान कम जानु र जवाफदेहीतामा कमी ।<br>• सेवा लिने र दिने शैली परम्परागत हुनु ।<br>• सार्वजनिक सेवा प्रवाह प्रक्रियामा समुदायको सहभागिता र अपनत्वको कमी ।<br>• धेरैजसो सार्वजनिक निकायका कार्यालय प्रमुखहरुको कार्य कक्ष सर्वसाधारणहरुको पहुँचमा नहुनु ।<br>• संस्थागत विकास, सेवा प्रवाह, विकास व्यवस्थापन र सुशासनसँग सम्बन्धित कानूनी व्यवस्था, औजार तथा रणनीतिहरूको राजनीतिक, प्रशासनिक र नागरिकस्तरबाट परिपालनामा कमी ।<br>• सार्वजनिक निकायबाट उपलब्ध हुने सेवा तथा सुविधा, नागरिकको जिम्मेवारी र आवश्यक कागजातबारे लक्षित वर्गलाई जानकारीको कमी ।<br>• नागरिक वडापत्र लक्षित वर्गमा ज्ञान नहुनु तथा जानकारीको कमी ।<br>• सेवा प्रवाहको नियमित र प्रभावकारी अनुगमन, मूल्याङ्कनको कमी ।<br>• सार्वजनिक खरिद प्रक्रिया झन्झटिलो हुनु तथा व्यवहारिक नहुनु ।<br>• सेवा प्रवाहको नियमित र प्रभावकारी अनुगमन तथा | सम्बोधन गर्न र उचित प्रतिफल दिन नसक्नु ।<br>• वातावरणमा प्रतिकुल असर पर्नु तथा विपद्बाट क्षतीमा बृद्धि हुनु ।<br>• जनतामा निराशा उत्पन्न हुनु<br>• लक्षित वर्ग र क्षेत्रमा उपलब्ध सेवा तथा सुविधा गुणस्तरीय नहुनु तथा उपलब्ध सेवा सुविधाको उपयोग कम हुनु ।<br>• सार्वजनिक सेवा प्रवाह समावेशी, उपलब्धीमूलक र प्रभावकारी नहुनु ।<br>• भ्रष्टाचार र अनमियतामा बृद्धि हुनु । | सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई कार्यविधि २०६७, सार्वजनिक खर्च, वित्तीय जवाफदेहिता तथा वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना (PEFA-FRRP) उपलब्ध हुनु ।)<br>• सामाजिक उत्तरदायित्व अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु (सामाजिक जवाफदेहिता सम्बन्धी संयन्त्र, औजार, पालना अनुगमन, नागरिक निगरानी र नागरिक सन्तुष्टी सर्वेक्षण, तेश्रो पक्षको अनुगमन, प्राविधिक परीक्षण) व्यवस्था र सञ्चालन हुनु ।<br>• विद्युतीय, छापा र अनलाईन सञ्चार माध्यमको उपस्थिति तथा क्रियाशीलता रहनु ।<br>• योजना तर्जुमा प्रक्रियामा समुदाय, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र र अन्य समुदायमा आधारित संस्थाहरुको सक्रियतामा बृद्धि हुनु ।<br>• सुशासन, पारदर्शिता र उत्तरदायित्व सम्बन्धी औजार, श्रोतहरु र प्रशिक्षित प्रशिक्षकहरु उपलब्ध हुनु ।<br>• सार्वजनिक निकायहरुमा गुनासो सुनुवाई संयन्त्रको व्यवस्था हुनु ।<br>• क्षतिपूर्तीसहितको नागरिक वडापत्रको व्यवस्था हुनु ।<br>• निर्णय, योजना तथा बजेट, आयव्यय र प्रतिवेदन सार्वजनिक गर्ने अभ्यास हुनु ।<br>• सूचना अधिकारीको व्यवस्था र सूचना संप्रेषणको व्यवस्थाको शुरुवात हुनु । | • असल शासन अनुगमन समितिलाई सुदृढीकरण र क्रियाशिल बनाइनेछ ।<br>• सामाजिक जवाफदेहिता तथा सुशासन अभिबृद्धिका लागि समुदायका नागरिकलाई सुसुचित गरिनेछ ।<br>• समुदायमा आधारित सञ्चार माध्यमहरुको क्षमता विकास गरी परिचालन गरिनेछ ।<br>• योजना तर्जुमा तथा अनुगमनलाई समावेशी, सहभागितामूलक र नतिजामूलक बनाइनेछ ।<br>• कार्यालयको कार्यसम्पादन र सेवा प्रवाहबारे निरन्तर छलफल गरी सुधारका लागि पहल गरिनेछ ।<br>• सुशासन र जवाफदेहिताका औजारहरु प्रभावकारी तथा नियमित रुपमा कार्यान्वयन गर्दै लगिनेछ ।<br>• स्थानीय शासन उत्तरदायित्वलाई( ीन्ढँ) जिल्लाका सबै नगरपालिका र गाविसमा कार्यक्षेत्र विस्तार गरि कार्यान्वयन गरिनेछ ।<br>• सबै सार्वजनिक निकायमा क्षतिपूर्ति सहितको सेवा प्रवाह सुनिश्चिता गरिनेछ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | मूल्याङ्कनको कमी ।<br>• श्रोतको दुरुपयोग तथा भ्रष्टचारका घटना बृद्धिमा कमि नहुनु । | | | |
| **ङ. सामाजिक सशक्तिकरण :** | | | | | |
| | | • लक्षित वर्गको वास्तविक विवरण अध्ययन र आवश्यकता पहिचान नहुनु ।<br>• लक्षित वर्ग कार्यक्रमको लगानी र प्रतिफलको अध्ययन नहुनु ।<br>• लैंगिक तथा सामाजिक विभेद कायम रहनु ।<br>• स्थानीय नीति निर्माण प्रक्रिया र संरचनामा महिला, बालबालिका, अपाङ्ग भएका तथा पछाडि पारिएका वर्गको सहभागितामा कमी ।<br>• सरकारी निकाय तथा सार्वजनिक संरचनाहरु अपाङ्गतामैत्री नहुनु ।<br>• लक्षित वर्गलागि विनियोजन स्रोतको सही रुपमा परिचालन नहुनु ।<br>• पहुँचवालाहरुले बढी लाभ लिने परिपाटी कायम रहनु ।<br>• सेवा प्रदायक निकायहरुको सेवाग्राही विशेष गरी पिछडिएको वर्ग प्रतिको जवाफदेहीतामा कमी । | • विकास प्रतिफलमा कमी तथा वितरण असमान हुनु ।<br>• लक्षित वर्गले सेवा तथा सुविधाको उपयोग गरी फाईदा लिन नसक्नु ।<br>• विपन्न, पिछडिएको वर्ग तथा क्षेत्र तोकिएका सेवा सुविधाबाट बञ्चित हुनु ।<br>• विकास कार्य तथा आयोजनाहरुले लक्षित वर्ग क्षेत्रलाई सम्बोधन गर्न र उचित प्रतिफल दिन नसक्नु ।<br>• आयोजनाहरुले लक्षित वर्ग क्षेत्रलाई सम्बोधन गर्न र उचित प्रतिफल दिन नसक्नु । | • सामाजिक परिचालन, लैङ्गिक समता तथा सामाजिक समावेशीरण नीति, निर्देशिका, बालमैत्री स्थानीय शासन, महिला, दलित, अपाङ्ग, जनजाती लगायत संयन्त्रको व्यवस्था र कार्यक्रम सञ्चालन हुनु ।<br>• वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र लगायत समुदायमा आधारित संस्थाहरुको स्थानीयस्तरमा उपस्थिति तथा क्रियाशीलता ।<br>• सामाजिक परिचालन, सचेतना अभिबृद्धि तथा सामाजिक सशक्तिकरण कार्यहरुमा गैससको सहभागितामा बृद्धि ।<br>• सेवाग्राहीमा सचेतना र जागरुकतामा वृद्धि हुँदै जानु ।<br>• जिल्लामा समुदायमा आधारित संस्था/ समूह गठन र क्रियाशिल हुनु । | • सामाजिक सशक्तिकरणका क्षेत्रमा कार्यरत संस्थाहरु परिचालन गरी विपन्नता नक्साङ्कन अनुसार प्राथमिकताका आधारमा सामाजिक सशक्तिकरणका लागि पहल गरिनेछ ।<br>• वनामं, नासके, युवा क्लव, बाल क्लव, महिला सञ्जाल लगायत समुदायमा आधारित संस्थाहरुको क्षमता सुदृढ गरी अनुगमन भूमिकामा बृद्धि गरिनेछ ।<br>• लक्षित वर्ग तथा क्षेत्रका समुदाय, समुदायमा आधारित संस्था, सञ्चार माध्यम, गैसस र संजालहरुको क्षमता विकास गरी सामाजिक सशक्तिकरणका लागि परिचालन गरिनेछ ।<br>• लक्षित वर्गलाई स्थानीय स्रोत साधनमा पहुँच अभिवृद्धिका लागि क्षमता विकास गरिनेछ ।<br>• गैससका कार्यक्षेत्रलाई जिल्लाका सवै गाविसहरुमा सुन्तुलित किसिमबाट सञ्चालन गरिनेछ । |

## अनुसूची ३: क्षमता विकास  योजनासँग सम्बन्धित सन्दर्भ सामग्रीहरु

- स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली २०५६
- स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४
- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम दस्तावेज
- सं. मा. तथा स्था.वि.म/स्था.शा.सा.वि.का. क्षमता विकास रणनीति
- जिल्ला विकास समिति, न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यविधी तथा मापन प्रतिवेदनहरु
- जिल्ला वस्तुगत विवरण र विषयगत स्थिति विश्लेषण प्रतिवेदन
- आ.व. २०७०/७१, २०७१/७२ र २०७२/७३ का जिल्ला विकास योजनाहरु
- विभिन्न नीति, रणनीति पत्रहरु, निर्देशिकाहरु
- बार्षिक प्रगति तथा समीक्षा प्रतिवेदन, २०७२
- संगठन विकास अध्ययन प्रतिवेदन, २०७२
- क्षमता विकास/मानव संसाधन विकास योजना
- जिल्ला विकास अनुदान सञ्चालन निर्देशिका